# कर्णाली प्रदेशको
# आर्थिक गतिविधि अध्ययन

## वार्षिक प्रतिवेदन

(आर्थिक वर्ष २०८१/८२)




नेपाल राष्ट्र बैंक
सुर्खेत कार्यालय
२०८२ कात्तिक

# प्राक्कथन

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को (दोस्रो संशोधन, २०७३ समेत) दफा १२ अनुसार बैंकले समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको विकास, मुद्रा प्रदाय, मूल्य स्थिरता, कर्जाको विस्तार, शोधनान्तर तथा विदेशी विनिमय जस्ता विषयहरुसँग सम्बन्धित तथ्याङ्कको विश्लेषण सहितको जानकारी नियमित रूपमा प्रकाशन र प्रसारण गर्दै आएको छ । साथै, नेपाल राष्ट्र बैंकले देशको अर्थतन्त्रसँग प्रत्यक्षरूपमा सम्बन्ध राख्ने आवश्यक नीति तथा योजना तर्जुमा तथा कार्यान्वयन गर्न, विभिन्न आर्थिक चरहरुसँगको अन्तर-सम्बन्ध विश्लेषण गरी नेपाल सरकारका निकायहरु, अन्तर्राष्ट्रिय संघ संस्थाहरु तथा नेपालको समष्टिगत अर्थ-स्वरूपको बारेमा सरोकार राख्ने पक्षहरुलाई नियमितरूपमा जानकारी गराउनको लागि वास्तविक क्षेत्रसँग सम्बन्धित तथ्याङ्कहरुको संकलन एवम् विश्लेषण गर्दै आइरहेको छ । आर्थिक तथा वित्तीय क्षेत्रसँग सम्बन्धित सूचना एवम् तथ्याङ्कको विश्लेषणबाट देशको आर्थिक विकासको अवस्था, यसको आधार एवम् गुणस्तरको जानकारी प्राप्त हुने हुँदा दिगो आर्थिक वृद्धि तथा स्थायित्व प्राप्त गर्न आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्न सहयोग पुग्दछ । संघीयता कार्यान्वयन पश्चात् प्रशासनिक विभाजनको परिवर्तित स्वरूपलाई ध्यानमा राखी संवैधानिक व्यवस्था बमोजिम प्रादेशिक संरचना अनुसार आर्थिक गतिविधि अध्ययन गरी आवश्यक सल्लाह प्रदान गर्न, आर्थिक विश्लेषण तथा नीति तर्जुमाका लागि सूचना एवम् तथ्याङ्कको दायरा विस्तार गर्न नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभागले जारी गरेको आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित) अनुसार नेपाल राष्ट्र बैंक, सुर्खेत कार्यालयद्वारा कर्णाली प्रदेशको आर्थिक वर्ष २०८१/८२ को वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ ।

प्रदेशका १० जिल्लाहरुमध्ये सुर्खेत, सल्यान र दैलेख बाट स्थलगत तथा हुम्ला, जुम्ला, जाजरकोट, कालिकोट, रुकुम पश्चिम, डोल्पा र मुगुबाट गैरस्थलगत रुपमा कृषि, उद्योग, सेवा, पूर्वाधार विकास लगायतका अर्थतन्त्रका प्रमुख क्षेत्रहरुको आर्थिक वर्ष २०८१/८२ को वार्षिक तथ्याङ्क संकलन तथा प्रशोधन गरी विश्लेषण गरिएको छ । आर्थिक गतिविधिको विश्लेषण गर्नका लागि द्वितीय तथ्याङ्कहरु समेत प्रयोग गरी विभिन्न क्षेत्रहरुका चरहरुको प्रवृत्ति विश्लेषण गरिएको छ । प्रतिवेदनमा सरोकारवाला निकाय/व्यक्ति तथा विषय विज्ञसँगको अन्तरक्रिया, छलफल एवम् सर्वेक्षणकर्ताको विश्लेषण समेतका आधारमा पहिचान भएका क्षेत्रगत चुनौती, सम्भावना तथा परिदृश्य समेत चित्रण गरिएको छ ।

प्रतिवेदन तयार पार्न सूचना तथा तथ्याङ्क उपलब्ध गराउनु हुने सरकारी तथा निजी क्षेत्रका कार्यालय एवम् संस्थाहरुप्रति आभार प्रकट गर्दछु । बैंक तथा वित्तीय क्षेत्रको तथ्याङ्कको साथै अत्यावश्यक सल्लाह, सुझाव उपलब्ध गराई सहयोग गर्नुहुने आर्थिक अनुसन्धान विभागलाई धन्यवाद ज्ञापन गर्दछु । प्रतिवेदन लेखनमा विशेष भूमिका निर्वाह गर्नुहुने सहायक निर्देशकहरु श्री बाबु राम बोहोरा र भुपेन्द्र विश्वकर्मा, प्रधान सहायक श्री पंख प्रसाद आचार्य, सहायकहरु श्री सरिता अधिकारी र केशव बहादुर विष्टलाई धन्यवाद ज्ञापन गर्दछु। साथै, तथ्याङ्क संकलनका क्रममा सहयोग पुऱ्याउनु हुने अन्य इकाई तथा फाँटका अधिकृत तथा कर्मचारीहरुलाई पनि धन्यवाद दिन चाहन्छु ।

**राजन प्रसाद रेग्मी**
**उप-निर्देशक**

# विषय सूची


| शीर्षक | पेज नं. |
|---|---|
| **प्राक्कथन** | **क** |
| **विषय सूची** | **ख** |
| **तालिका सूची** | **घ** |
| **रेखाचित्र सूची** | **ङ** |
| **सारांश** | **च** |
| **परिच्छेद १: अध्ययन परिचय** | **१** |
| १.१ पृष्ठभूमि | १ |
| १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क संकलन | १ |
| १.३ अध्ययन प्रतिवेदनको सीमा | २ |
| १.४ अध्ययन प्रतिवेदनको ढाँचा | ३ |
| **परिच्छेद २: प्रदेशको तुलनात्मक स्थिति** | **४** |
| २.१ नेपालको समष्टिगत आर्थिक स्थिति | ४ |
| २.२ राष्ट्रिय अर्थतन्त्रमा कर्णाली प्रदेशको क्षेत्रगत हिस्सा | ४ |
| २.३ अन्तरप्रदेश तुलना | ४ |
| २.४ प्रादेशिक सम्भावना तथा चुनौती | ५ |
| **परिच्छेद ३: कृषि क्षेत्र** | **७** |
| ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र | ७ |
| ३.२ कृषि उत्पादन | ८ |
| ३.३ पशुपन्छी, माछा तथा वनजन्य उत्पादन | १० |
| ३.४ सिँचाई | १० |
| ३.५ क्षेत्रगत कृषि कर्जा | ११ |
| ३.६ कृषि क्षेत्रको चुनौती र सम्भावना | १२ |
| **परिच्छेद ४: उद्योग क्षेत्र** | **१३** |
| ४.१ उद्योगको क्षमता उपयोग, उत्पादन तथा प्रत्यक्ष रोजगारी | १३ |
| ४.२ क्षेत्रगत औद्योगिक कर्जा | १४ |
| ४.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना | १६ |
| **परिच्छेद ५: सेवा क्षेत्र** | **१७** |
| ५.१ पर्यटन | १७ |
| ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट | १८ |

५.३ वित्तीय सेवा १८
५.४ यातायात २१
५.५ शिक्षा तथा स्वास्थ्य २१
५.६ सेवा क्षेत्र कर्जा २२
५.७ सहकारी क्षेत्र २३
५.८ सेवा क्षेत्रको चुनौती र सम्भावना २४
**परिच्छेद ६: पूर्वाधार र रोजगारी २६**
६.१ पूर्वाधार क्षेत्र २६
६.२ प्रदेशका ठूला आयोजनाहरुको स्थिति २६
६.४ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना २९
६.५ रोजगारी ३०
६.६ रोजगारीको चुनौती र सम्भावना ३२
**परिच्छेद ७: प्रादेशिक कार्यक्रम तथा योजना ३४**
७.१ प्रादेशिक सरकारी वित्त ३४
७.२ स्थानीय सरकारको वित्तीय स्थिति विश्लेषण ३५
**परिच्छेद ८: आर्थिक परिदृष्य ३६**
८.१ कृषि क्षेत्र ३६
८.२ औद्योगिक क्षेत्र ३६
८.३ सेवा क्षेत्र ३७
८.४ पूर्वाधार क्षेत्र ३७

# तालिका सूची


| शीर्षक | पेज नं |
|---|---|
| तालिका २.१: प्रादेशिक आर्थिक परिसूचकहरु | ५ |
| तालिका ३.१: कृषि उपजले ढाकेको भू-क्षेत्र | ७ |
| तालिका ३.२ : प्रमुख कृषि बाली उत्पादन | ९ |
| तालिका ३.३: कर्णाली प्रदेशमा सिँचाईको अवस्था (हेक्टर) | ११ |
| तालिका ३.४: जिल्लागत कृषि कर्जा (रु.दश लाख) | ११ |
| तालिका ४.१: औद्योगिक उत्पादनको अवस्था | १४ |
| तालिका ४.२: जिल्लागत औद्योगिक कर्जा (रु.दश लाख) | १५ |
| तालिका ५.१: नमुना होटलहरुबाट संकलन गरिएका तथ्याङ्क स्थिति | १७ |
| तालिका ५.२: घरजग्गा कारोवार संख्या तथा राजस्वको स्थिति | १८ |
| तालिका ५.३: बैंक तथा वित्तीय संस्थाको जिल्लागत शाखा संख्या | १८ |
| तालिका ५.४: बैंक तथा वित्तीय संस्थाको शाखा रहित बैंकिङ्ग, ए.टि.एम., मोबाईल तथा इन्टरनेट बैंकिङ्ग संख्या | १९ |
| तालिका ५.५: डिजिटल भुक्तानी ग्राहकको संख्या | २० |
| तालिका ५.६: यातायातका साधनको संख्या | २१ |
| तालिका ५.७: सरकारी/सामुदायिक विद्यालयमा विद्यार्थी र शिक्षक संख्याको अवस्था | २१ |
| तालिका ५.८: निजी विद्यालयमा विद्यार्थी र शिक्षक संख्याको अवस्था | २२ |
| तालिका ५.९: सरकारी/सामुदायिक अस्पतालको जिल्लागत स्थिति | २२ |
| तालिका ५.१०: जिल्लागत सेवा क्षेत्र कर्जा (रु. दश लाख) | २३ |
| तालिका ६.१: कर्णाली प्रदेशमा निर्माण भएको सडक सम्बन्धी विवरण (किलोमिटर) | २६ |
| तालिका ६.२: कर्णाली प्रदेशमा निर्माण भएको पुल सम्बन्धी विवरण | २६ |
| तालिका ६.३: कुल विद्युत उत्पादन तथा प्रसारण लाईन | २८ |
| तालिका ६.४: जिल्लागत वैदेशिक रोजगारीको विवरण | ३० |
| तालिका ६.५: प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारीको विवरण | ३१ |
| तालिका ६.६: प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारीको विवरण | ३१ |
| तालिका ७.१: कर्णाली प्रदेश सरकारको खर्चको स्थिति (रु.करोडमा) | ३४ |
| तालिका ७.२: कर्णाली प्रदेश सरकारको राजस्व परिचालनको स्थिति (रु.करोडमा) | ३५ |
| तालिका ७.३: कर्णाली प्रदेशको स्थानीय तहहरुको खर्च र राजस्व प्राप्तिको स्थिति (रु.करोडमा) | ३५ |

# रेखाचित्र सूची

**शीर्षक** **पेज नं.**


| | |
|---|---|
| रेखाचित्र ३.१: प्रमुख कृषि बालीले ढाकेको भू-क्षेत्र (हजार हेक्टरमा) | ७ |
| रेखाचित्र ३.२: खाद्य तथा अन्य बालीको उत्पादन (हजार मेट्रिक टन) | ९ |
| रेखाचित्र ४.१: उद्योगको क्षमता उपयोगको अवस्था (प्रतिशत) | १३ |
| रेखाचित्र ४.२: क्षेत्रगत औद्योगिक कर्जा (प्रतिशत) | १५ |
| रेखाचित्र ५.१: कर्णाली प्रदेशको निक्षेप तथा कर्जाको स्थिति (रु.दश लाख) | २० |
| रेखाचित्र ५.२: बचत तथा ऋण सहकारी संस्थाको अवस्था (रु.दश लाख) | २३ |

# सारांश

## समष्टिगत आर्थिक स्थिति

१. राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८१/८२ मा नेपालको आर्थिक वृद्धिदर उपभोक्ताको मूल्यमा ४.६१ प्रतिशत रहने अनुमान छ भने आर्थिक वर्ष २०८०/८१ मा नेपालको आर्थिक वृद्धिदर ३.६७ प्रतिशत रहने संशोधित अनुमान रहेको छ ।

२. आर्थिक वर्ष २०८१/८२ को कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय तथा सेवा क्षेत्रको योगदान क्रमशः २५.१६ प्रतिशत, १२.८३ प्रतिशत र ६२.०१ प्रतिशत रहने प्रारम्भिक अनुमान छ ।

३. आर्थिक वर्ष २०८१/८२ मा कर्णाली प्रदेशको आर्थिक वृद्धिदर ४.७४ प्रतिशत रहने प्रारम्भिक अनुमान छ । यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ३१.५० प्रतिशत, ९.५८ प्रतिशत र ५८.९१ प्रतिशत रहने प्रारम्भिक अनुमान छ ।

## कृषि क्षेत्र

४. आर्थिक वर्ष २०८१/८२ को असार मसान्तसम्ममा कर्णाली प्रदेशको समग्र कृषि बालीले ढाकेको भू-क्षेत्र अघिल्लो वर्षको तुलनामा ६.०८ प्रतिशतले घटेको छ ।

५. समीक्षा वर्षमा प्रमुख खाद्य बालीमध्ये धान, मकै, गहुँ, कोदो र जौले ढाकेको क्षेत्रफलमा क्रमशः ५.११ प्रतिशत, ४.१६ प्रतिशत, ४.८६ प्रतिशत, ११.५२ प्रतिशत र १.३९ प्रतिशतले ह्रास आएको छ । त्यसैगरी, तरकारी तथा बागबानी बालीले ढाकेको क्षेत्रफलमा १४.९१ प्रतिशतले ह्रास आएको छ भने फलफूल बालीले ढाकेको क्षेत्रफल २.४० प्रतिशतले वृद्धि भएको छ ।

६. समीक्षा वर्षमा कर्णाली प्रदेशमा समग्र कृषि बालीको उत्पादन अघिल्लो वर्षको तुलनामा ५.०१ प्रतिशतले घटेको छ जस अन्तर्गत खाद्य, नगदे तथा अन्य बालीको उत्पादन ३.९५ प्रतिशतले घटेको छ ।

७. समीक्षा वर्षमा प्रमुख खाद्य बालीमध्ये धान, गहुँ, कोदो र जौको उत्पादन क्रमशः १०.२५ प्रतिशत, १७.३१ प्रतिशत, २२.९२ प्रतिशत, ८.५५ प्रतिशतले घटेको छ भने मकैको उत्पादन ४.२४ प्रतिशतले बढेको छ ।

८. आर्थिक वर्ष २०८१/८२ को असार मसान्तसम्ममा तरकारी उत्पादन र फलफूल खेतीको उत्पादन क्रमशः ०.८८ प्रतिशत र ३६.४१ प्रतिशतले घटेको छ ।

९. समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाबाट कर्णाली प्रदेशको समग्र कृषि क्षेत्रमा प्रवाहित कर्जा कुल कर्जाको ८.०२ प्रतिशत हिस्सा ओगटेको छ । समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाबाट कर्णाली प्रदेशको समग्र कृषि क्षेत्रमा प्रवाहित कर्जा गत वर्षको तुलनामा ७.७० प्रतिशतले कमी हो ।

## उद्योग क्षेत्र

१०. समीक्षा वर्षमा कर्णाली प्रदेशमा नमूना छनोटमा समेटिएका उद्योगहरुको औसत क्षमता उपयोग ४६.५२ प्रतिशत रहेको छ । बिजुलीका तार र केबल उत्पादन सम्बन्धी उद्योगको क्षमता उपयोग सबैभन्दा बढी ९०.० प्रतिशत

रहेको छ भने गलैंचा उत्पादन गर्ने उद्योगको क्षमता उपयोग सबैभन्दा कम २३.०८ प्रतिशत रहेको छ ।

११. समीक्षा वर्षमा औद्योगिक कर्जा गत वर्षको तुलनामा १.९४ प्रतिशतले कमी आएको छ । कर्णाली प्रदेशमा प्रवाह भएको समग्र कर्जाको ६.५० प्रतिशत हिस्सा औद्योगिक कर्जाले ओगटेको छ ।

## सेवा क्षेत्र

१२. समीक्षा वर्षमा यस प्रदेशमा भित्रिने पर्यटकको संख्या १.७२ प्रतिशतले वृद्धि भएको छ । भारत र चीनबाट भित्रिने पर्यटकको संख्या क्रमशः २३.८५ प्रतिशत र २५.७७ प्रतिशतले कमी आएको छ भने तेस्रो मुलुकबाट भित्रिने पर्यटकको संख्या ९.१३ प्रतिशतले वृद्धि भएको छ ।

१३. समीक्षा वर्षमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुद्वारा प्रवाहित कुल कर्जामध्ये सबैभन्दा धेरै ८५.४७ प्रतिशत कर्जा सेवा क्षेत्रमा प्रवाह भएको छ । समीक्षा वर्षमा कर्णाली प्रदेशमा वाणिज्य बैंक तथा वित्तीय संस्थाहरुको शाखा संख्या ४७५ कायम भएको छ । त्यसैगरी, शाखारहित बैंकिङ्ग संख्या १८ कायम भएको छ । समीक्षा वर्षमा यस प्रदेशमा कर्जा तथा निक्षेप अनुपात ६६.८५ प्रतिशत रहेको छ ।

## पूर्वाधार क्षेत्र

१४. नेपाल विद्युत प्राधिकरण, कर्णाली प्रदेश, प्रादेशिक कार्यालयका अनुसार आर्थिक वर्ष २०८१/८२ मा यस प्रदेशमा विद्युत प्रसारण लाईन ३५७५.७४ कि.मि. पुगेको छ ।

१५. कर्णाली प्रदेशमा निर्माणाधीन पुष्पलाल लोकमार्ग, कर्णाली कोरिडोर, मदन भण्डारी राजमार्ग र भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजनाहरुको निर्माण कार्यले गति लिइरहेको देखिन्छ ।

## प्रादेशिक वित्त स्थिति

१६. आर्थिक वर्ष २०८१/८२ मा कर्णाली प्रदेश सरकारले कुल रु. ३१ अर्ब ४१ करोड बजेट विनियोजन गरेकोमा कुल विनियोजनको ६३.६७ प्रतिशत रु. १९ अर्ब ९९ करोड खर्च भएको छ भने २०८२ असार मसान्तसम्म कुल आय रु. २७ अर्ब ६८ करोड सङ्कलन भएको छ ।

## आर्थिक परिदृश्य

१७. यस प्रदेशमा समयमै धान रोपाइँ भएको, अन्य वर्षे बालीको समयमा पनि मौसम अनुकुलता भएको, आन्तरिक पर्यटनको प्रवर्द्धन भएको, वित्तीय सेवा, वित्तीय पहुँच, डिजिटल भुक्तानी, शिक्षा, स्वास्थ्य, यातायात र सञ्चार क्षेत्रमा क्रमश सुधार हुँदै गएको, रणनीतिक महत्वका सडकहरु विस्तार भइरहेको सँगसँगै विद्युत प्रसारण लाइन निर्माण, पर्यटन पूर्वाधारको निर्माण, भूकम्प पुनःनिर्माणका कार्य, यातायात, पर्यटन, कृषि, ऊर्जा, सूचना प्रविधि र खानेपानीसँग सम्बन्धित पूर्वाधारहरुको निर्माण भईरहेकोले आर्थिक वर्ष २०८२/८३ मा प्रदेशको समग्र आर्थिक गतिविधिमा सकारात्मक प्रभाव पर्नसक्ने देखिन्छ ।

# परिच्छेद १: अध्ययन परिचय

## १.१ पृष्ठभूमि

नेपाल राष्ट्र बैंकले समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको विकास, मुद्रा प्रदाय, मूल्य स्थिरता, कर्जाको विस्तार, शोधनान्तर तथा विदेशी विनिमय लगायतका विषयसँग सम्बन्धित तथ्याङ्कको विश्लेषण गर्ने गर्दछ। यस बैंकले देशको अर्थतन्त्रसँग प्रत्यक्षरूपमा सम्बन्ध राख्ने आवश्यक नीति तथा योजना तर्जुमा तथा कार्यान्वयन गर्न, विभिन्न आर्थिक चरहरुसँगको अन्तर-सम्बन्ध विश्लेषण गरी नेपाल सरकारका निकायहरु, अन्तर्राष्ट्रिय संघ संस्थाहरु तथा नेपालको समष्टिगत आर्थिक अवस्था जान्न चाहने सरोकारवाला पक्षलाई नियमितरूपमा जानकारी गराउने उद्देश्य अनुरुप सम्बन्धित क्षेत्रको तथ्याङ्कको नियमित संकलन तथा ती तथ्याङ्कको विश्लेषण सहितको प्रतिवेदन प्रकाशन गर्दै आएको छ। यस्तो प्रतिवेदन अर्ध-वार्षिक र वार्षिक गरी वर्षको दुई पटक प्रकाशन हुने गरेको छ। प्रस्तुत प्रतिवेदन आर्थिक वर्ष २०८१/८२ को वार्षिक तथ्याङ्कमा आधारित रहेको छ।

यस बैंकको आर्थिक अनुसन्धान विभाग र उपत्यका बाहिरका कार्यालयद्वारा सम्पादन गरिने आर्थिक गतिविधि अध्ययन, विशेष अध्ययन एवं अन्य अनुसन्धानमुलक कार्यमा एकरुपता ल्याई गुणस्तरसमेत अभिवृद्धि गर्ने उद्देश्यले "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६" मा भएको व्यवस्था अनुसार प्रादेशिक ढाँचामा ७ वटै प्रदेशका सबै ७७ जिल्लाको आर्थिक गतिविधिको अध्ययन गरी प्राप्त तथ्याङ्कको विश्लेषणका आधारमा आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार पार्ने गरिएको छ।

संघीयता कार्यान्वयन भएपश्चात् प्रशासनिक विभाजनको स्वरुपसमेत परिवर्तन भएको र संघीय संरचना अनुसार संघ, प्रदेश र स्थानीय तह रहने संवैधानिक व्यवस्था बमोजिम प्रादेशिक संरचना अनुसार आर्थिक गतिविधि अध्ययन गरी आवश्यक सल्लाह प्रदान गर्न, आर्थिक विश्लेषण तथा नीति तर्जुमाका लागि सूचना एवम् तथ्याङ्कको दायरा विस्तार गर्न नेपाल राष्ट्र बैंक आर्थिक अनुसन्धान विभागले जारी गरेको **आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित)** अनुसार नेपाल राष्ट्र बैंक, सुर्खेत कार्यालयद्वारा कर्णाली प्रदेशका सम्पूर्ण जिल्लाहरु (रुकुम पश्चिम, सल्यान, डोल्पा, जुम्ला, मुगु, हुम्ला, कालिकोट, जाजरकोट, दैलेख, र सुर्खेत) लाई समावेश गरी आर्थिक वर्ष २०८१/८२ को वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ।

## १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क संकलन

१. आर्थिक वर्ष २०८१/८२ मा कर्णाली प्रदेशको समग्र आर्थिक स्थिति सहित कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रमा हासिल भएको प्रगति तथा आगामी अवधिको आर्थिक परिदृश्य यो प्रतिवेदनमा समावेश गरिएको छ। त्यसैगरी, राष्ट्रिय अर्थतन्त्रमा कर्णाली प्रदेशको अवस्थिति र क्षेत्रगत आर्थिक स्थितिको तुलनात्मक विवरण समेत प्रतिवेदनमा समावेश गरिएको छ। प्रतिवेदनमा कृषि, उद्योग, सेवा, पूर्वाधार, रोजगारी र प्रादेशिक सरकारी वित्त क्षेत्रमा देखिएका समस्या एवम् चुनौतिहरुका बारेमा संक्षिप्त विश्लेषण गरिएको छ। यसका अतिरिक्त समीक्षा वर्षको समग्र तथाङ्कको मुल्याङ्कन गरी आर्थिक वर्ष २०८२/८३ मा यस प्रदेशको कृषि, उद्योग, सेवा, पूर्वाधार, रोजगारी तथा प्रादेशिक सरकारी क्षेत्रको परिदृश्य पनि समावेश गरिएको छ।

२. नेपाल राष्ट्र बैंक आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन २०७९, समेत) अनुसार यस प्रदेशका सबै जिल्लाहरुमा तोकिएका सरकारी कार्यालय र सेवा प्रदायक निकायहरुमा मूलतः स्थलगत सर्वेक्षण र सम्बन्धित निकायहरुबाट प्राप्त विवरणको आधारमा यो प्रतिवेदन तयार गरिएकोछ ।

३. अध्ययनको लागि तथ्याङ्क तथा विवरण देहाय बमोजिम संकलन गरिएको छ ।

क. कृषि सम्बन्धी तथ्याङ्क कर्णाली प्रदेशका दश वटै जिल्ला स्थित कृषि विकास कार्यालयहरु, कर्णाली प्रदेश अन्तर्गतको कृषि विकास निर्देशनालय, पशुपन्छी विकास निर्देशनालय लगायतका निकायहरुबाट संकलन गरिएको छ ।

ख. कर्णाली प्रदेशमा सञ्चालनमा रहेका उद्योगहरुको तथ्याङ्क उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयहरुबाट लिइएको छ भने औद्योगिक क्षेत्रको क्षमता, उद्योगहरुको उत्पादनको अवस्था र यस क्षेत्रले सिर्जना गरेको रोजगारी लगायतका विषयको विश्लेषणका लागि नमूना छनौटमा परेका उद्योगहरुबाट तथ्याङ्क संकलन गरिएको छ ।

ग. सेवा क्षेत्र अन्तर्गत बैंकिङ्ग तथ्याङ्क नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभागबाट संकलन गरिएको छ । पर्यटन गतिविधि सम्बन्धी विश्लेषणका लागि यस प्रदेशमा रहेका १० प्रमुख पर्यटकस्तरीय होटलहरुबाट तथ्याङ्क संकलन गरिएको छ । घरजग्गा नक्सा पास तथ्याङ्क कर्णाली प्रदेशस्थित ५ वटा नगरपालिकाहरुबाट संकलन गरिएको छ । त्यस्तै, सहकारी क्षेत्रको विश्लेषणका लागि कर्णाली प्रदेशमा सञ्चालनमा रहेका सहकारी संस्था मध्येबाट नमूना छनोट गरी १० सहकारी संस्थाबाट प्राप्त तथ्याङ्कलाई आधार मानिएको छ ।

घ. पूर्वाधार सम्बन्धी तथ्याङ्क यस प्रदेशको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय, यातायात व्यवस्था कार्यालय, विद्युत प्राधिकरण, सडक डिभिजन कार्यालय तथा सम्बन्धित आयोजनाबाट लिइएको छ ।

ङ. प्रादेशिक र स्थानीय सरकारको वित्त सम्बन्धी तथ्याङ्क यस प्रदेशको प्रदेश तथा लेखा नियन्त्रक कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेश र सम्बन्धित स्थानीय तहहरुबाट संकलन गरिएको छ ।

## १.३ अध्ययन प्रतिवेदनको सीमा

१. देशले संघीय शासन व्यवस्था अंगिकार गरेपश्चात् तथ्याङ्क प्रदायक निकायहरुको नीतिगत तथा कार्यगत भूमिका परिवर्तन भएको छ । संघीयतासँगै सम्बन्धित निकायहरुको पुर्नसंरचना भएकोले तथ्याङ्कहरुलाई संगठित तथा सु-व्यवस्थित गर्ने कार्य अझै पूर्ण भई नसकेको हुँदा विशेष गरी कृषि, शिक्षा, स्वास्थ्य र सडक जस्ता पूर्वाधारको विवरणमा समयगत तथा निकायगत एकरुपता कायम हुन सकेको छैन । कतिपय तथ्याङ्क प्रदायक निकायहरुले नियमित रुपमा तथ्याङ्क संकलन नगर्ने तथा तथ्याङ्कको माग भईआएको अवस्थामा मात्र संकलन गरी प्रदान गर्ने गरेको कारण अघिल्लो वर्षका केही तथ्याङ्कमा एकरुपता कायम हुन सकेको छैन ।

२. सेवा क्षेत्र अन्तर्गत पर्यटन सम्बन्धी तथ्याङ्कमा कतिपय जिल्लाहरुमा होटल व्यवसायी संघ गठन नभएको र गठन भएको जिल्लाहरुको हकमा पनि होटलमा आएका पर्यटकहरुको अभिलेख राख्ने अभ्यास नभएको हुँदा नमूना छनोटमा परेका १० होटलहरुबाट तथ्याङ्क संकलन गरी विश्लेषण गरिएको छ ।

३. कृषि क्षेत्रको तथ्याङ्क संकलन तथा विश्लेषण गर्दा वार्षिक ढाँचामा तथ्याङ्क संकलन गरिएको र केही कृषिजन्य उत्पादनहरु मौसमी प्रकृतिको हुने भएकोले तथ्याङ्क संकलनको समयमा सो तथ्याङ्क उपलब्ध हुन नसक्ने समेत देखिएको छ ।

### १.४ अध्ययन प्रतिवेदनको ढाँचा

यस प्रतिवेदनमा ८ वटा परिच्छेद रहेका छन् । परिच्छेद १ मा अध्ययनको परिचय, परिच्छेद २ मा प्रदेशको तुलनात्मक स्थिति, परिच्छेद ३ मा कृषि क्षेत्र, परिच्छेद ४ मा उद्योग क्षेत्र, परिच्छेद ५ मा सेवा क्षेत्र, परिच्छेद ६ मा पूर्वाधार र रोजगारी र परिच्छेद ७ मा प्रादेशिक कार्यक्रम तथा योजनाको विश्लेषणात्मक अध्ययन प्रस्तुत गरिएको छ । यसैगरी, परिच्छेद ८ मा आर्थिक परिदृश्य प्रस्तुत गरिएको छ ।

# परिच्छेद २: प्रदेशको तुलनात्मक स्थिति

## २.१ नेपालको समष्टिगत आर्थिक स्थिति

राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८१/८२ मा नेपालको आर्थिक वृद्धिदर उपभोक्ताको मूल्यमा ४.६१ प्रतिशत रहने तथा कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.६१ खर्ब ७ अर्ब रहने प्रारम्भिक अनुमान छ। आर्थिक वर्ष २०८०/८१ मा नेपालको आर्थिक वृद्धिदर उपभोक्ताको मूल्यमा ३.६७ प्रतिशत रहने संशोधित अनुमान रहेको छ। आर्थिक वर्ष २०८१/८२ को कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय तथा सेवा क्षेत्रको योगदान क्रमशः २५.६ प्रतिशत, १२.४ प्रतिशत र ६२.० प्रतिशत रहने प्रारम्भिक अनुमान छ। त्यसैगरी, प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन (Per Capita GDP) १४९६ अमेरिकी डलर रहने प्रारम्भिक अनुमान छ।

## २.२ राष्ट्रिय अर्थतन्त्रमा कर्णाली प्रदेशको क्षेत्रगत हिस्सा

राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८१/८२ मा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादन (उपभोक्ताको मूल्यमा) रु.२ खर्ब ५६ अर्ब पुग्ने अनुमान छ। यसैगरी, आर्थिक वर्ष २०८१/८२ मा यस प्रदेशको आर्थिक वृद्धिदर (उपभोक्ताको मूल्यमा) ४.७४ प्रतिशत रहने अनुमान छ। समीक्षा वर्षमा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा समग्र कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ३१.५० प्रतिशत, ९.५८ प्रतिशत र ५८.९१ प्रतिशत रहने प्रारम्भिक अनुमान छ। समीक्षा वर्षमा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा कर्णाली प्रदेशको योगदान ४.१९ प्रतिशत रहने प्रारम्भिक अनुमान छ। गत आर्थिक वर्ष २०८०/८१ मा यस्तो योगदान ४.२९ प्रतिशत रहने संशोधित अनुमान रहेको छ। समीक्षा वर्षमा मुलुकको समग्र कृषि, उद्योग र सेवा क्षेत्रमा कर्णाली प्रदेशको योगदान क्रमशः ५.२४ प्रतिशत, ३.१३ प्रतिशत र ३.९८ प्रतिशत रहने प्रारम्भिक अनुमान रहेको छ।

## २.३ अन्तरप्रदेश तुलना

### प्रदेशगत अर्थतन्त्रको आकार

राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको प्रारम्भिक तथ्याङ्कका आधारमा प्रदेशहरुको समग्र आर्थिक अवस्था तुलना गर्दा आर्थिक वर्ष २०८१/८२ मा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा धेरै (३६.५२ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (४.१९ प्रतिशत) रहेको छ। कृषि क्षेत्रको उत्पादनमा कोशी प्रदेशको हिस्सा सबैभन्दा धेरै (२१.५१ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (५.२४ प्रतिशत) रहेको छ। उद्योग क्षेत्रको उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी (३१.६८ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (३.१३ प्रतिशत) रहेको छ। यसैगरी, सेवा क्षेत्रको उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी (४५.३९ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (३.९८ प्रतिशत) रहेको छ।

**तालिका २.१: प्रादेशिक आर्थिक परिसूचकहरु**
**(आर्थिक वर्ष २०८१/८२)**

| आर्थिक परिसूचक/प्रदेश | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | नेपाल |
|---|---|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) *(रु.अर्ब)* | ९७०.७४ | ८०३.९७ | २२३०.२३ | ५४८.१६ | ८६८.९० | २५५.५९ | ४२९.६३ | ६१०७.२२ |
| राष्ट्रिय उत्पादनमा अंश (प्रतिशत) | १५.९० | १३.१६ | ३६.५२ | ८.९८ | १४.२३ | ४.१९ | ७.०३ | १००.०० |
| आर्थिक वृद्धिदर (उपभोक्ताको मूल्यमा) *(प्रतिशत)* | ३.३४ | ४.५० | ५.१८ | ५.५१ | ४.७० | ४.७४ | ३.३२ | ४.६१ |
| **कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशत)** | | | | | | | | |
| कृषि क्षेत्र | २१.५१ | १९.२२ | १७.१२ | ९.६७ | १७.५४ | ५.२४ | ९.७१ | १००.०० |
| उद्योग क्षेत्र | १९.९४ | १०.९३ | ३१.६८ | ११.९८ | १५.४७ | ३.१३ | ६.८७ | १००.०० |
| सेवा क्षेत्र | १२.७८ | ११.१७ | ४५.३९ | ८.०७ | १२.६३ | ३.९८ | ५.९८ | १००.०० |
| **कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत योगदानमा प्रदेशगत हिस्सा (प्रतिशत)** | | | | | | | | |
| कृषि क्षेत्र | ३४.०५ | ३६.७३ | ११.८० | २७.१० | ३१.०२ | ३१.५० | ३४.७२ | २५.१६ |
| उद्योग क्षेत्र | १६.०९ | १०.६६ | ११.१३ | १७.१३ | १३.९५ | ९.५८ | १२.५३ | १२.८३ |
| सेवा क्षेत्र | ४९.८५ | ५२.६१ | ७७.०७ | ५५.७७ | ५५.०२ | ५८.९१ | ५२.७५ | ६२.०१ |

*स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, जेठ, २०८२*

## २.४ प्रादेशिक सम्भावना तथा चुनौती

### क) प्रादेशिक सम्भावना

१. कर्णाली प्रदेशमा रारा ताल, शे-फोक्सुण्डो ताल, नदी र झरनाहरु, प्राचीन सभ्यता, रीतिरिवाज, पोशाक, चाडपर्व, प्राचीन मठ, मन्दिर, मानसरोवर-कैलाश पर्वत जाने मार्ग, मनमोहक पहाड तथा खर्कहरु अवस्थित रहेको हुनाले पर्यापर्यटन, धार्मिक तथा सांस्कृतिक पर्यटनको प्रचुर सम्भावना रहेको छ।

२. यस प्रदेश बहुमुल्य जडिबुटीले भरिपूर्ण भएकोले पर्याप्त मात्रामा लगानी गर्न सकेमा जडिबुटी प्रशोधन केन्द्र स्थापना गरी प्रशोधित जडिबुटीलाई उचित मूल्यमा निर्यात गरी आयस्तर वृद्धि गर्न सकिने सम्भावना रहेको छ।

३. अर्गानिक कृषि वस्तुहरुको माग बढ्दै गईरहेको हुनाले कर्णाली प्रदेशका निर्यातयोग्य रैथाने उत्पादन जस्तै: मार्सी धान, चिनो, फापर, कोदो, कागुनो, जुनेलो, लट्टे, सिमी लगायतका कृषि उपजहरुको ब्राण्डिङ्ग गरी बजारीकरणको व्यवस्था गर्न सकेमा कर्णालीबासीहरुको जीवनस्तरमा सकारात्मक परिवर्तन हुन सक्ने सम्भावना रहेको देखिन्छ।

४. प्रदेशभित्र घरेलु, कृषि तथा वन पैदावारमा आधारित उद्योगहरुको विकास र विस्तार गरी यस क्षेत्रको समग्र आर्थिक विकास गर्न सकिने सम्भावना रहेको छ।

५. यस प्रदेशको दैलेख जिल्लामा प्राकृतिक ग्याँस र पेट्रोलियम पदार्थको ठुलो भण्डार रहेको छ जसको व्यवस्थित रुपमा उत्खनन गरी प्राकृतिक ग्याँस तथा पेट्रोलियम पदार्थको आयात प्रतिस्थापन गर्न सकिने सम्भावना रहेको छ ।

## ख) प्रादेशिक चुनौती

१. भौगोलिक कठिनताका कारणले पर्याप्त पूर्वाधारको विकास तथा लगानीमा विविधिकरण गरी प्रदेशको तिव्र आर्थिक वृद्धि गर्नु ।

२. दीर्घकालीन रोजगारीका अवसरहरु सिर्जना गरी उल्लेखनीय मात्रामा रहेको गरिबी दरलाई न्यूनीकरण गर्नु ।

३. बैदेशिक रोजगारका लागि उल्लेख्य संख्यामा भईरहेको युवा पलायन दर रोक्नु ।

४. यस प्रदेशमा रहेका पर्यटकीय स्थलहरुलाई सामाजिक सञ्जालमा प्रचारप्रसार गरी पर्यटकहरुको आगमन संख्या र बसाईदिन वृद्धि गर्नु ।

५. यस प्रदेशमा लगानीको वातावरण सिर्जना गरी उत्पादन र रोजगारी वृद्धि गर्नु चुनौतीपूर्ण रहेको छ ।

६. प्रदेशभित्र सञ्चालन हुने राष्ट्रिय गौरवका आयोजना, प्रदेश गौरवका आयोजना, बहुवर्षीय, अधुरा तथा क्रमागत आयोजनाहरु समयमा सम्पन्न गर्नु चुनौतीपूर्ण रहेको छ ।

# परिच्छेद ३: कृषि क्षेत्र

## ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

आर्थिक वर्ष २०८१/८२ को असार मसान्तसम्म कर्णाली प्रदेशमा कृषि बालीले ढाकेको क्षेत्रफलमा ६.०८ प्रतिशतले कमी आई ३,०७,१९८.३५ हेक्टर कायम भएको छ । गत वर्षमा यस्तो क्षेत्रफल २.२१ प्रतिशतले वृद्धि भएको थियो ।

**तालिका ३.१: कृषि उपजले ढाकेको भू-क्षेत्र (जिल्लागत)**


| | क्षेत्रफल (हेक्टर) | | | हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| जिल्ला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल |
| सुर्खेत | ५२९७५.०० | ३१२४.५० | १४७४.०० | १९.९८ | १५.१५ | ८.९९ |
| दैलेख | ४७७४३.०० | २८८५.०० | २९६६.०० | १८.०० | १३.९९ | १८.१० |
| जुम्ला | १९७१८.०० | ६२५.०० | ४४२३.०० | ७.४४ | ३.०३ | २६.९९ |
| रुकुम पश्चिम | २२४३७.०० | १९२५.०० | २५८.०० | ८.४६ | ९.३३ | १.५७ |
| हुम्ला | ६०६८.०० | ३९५.०० | ९२६.०० | २.२९ | १.९२ | ५.६५ |
| जाजरकोट | ३०४९२.२५ | १०७७.०० | १२७१.०० | ११.५० | ५.२२ | ७.७५ |
| कालिकोट | २०७५१.०० | १४३२.०० | १८९९.०० | ७.८२ | ६.९४ | ११.५९ |
| डोल्पा | ७०१३.०० | २७०.०० | ५४२.०० | २.६४ | १.३१ | ३.३१ |
| मुगु | ८९३६.०० | ६८८.०० | ५४०.०० | ३.३७ | ३.३४ | ३.२९ |
| सल्यान | ४९०७०.०० | ८२००.०० | २०९१.०० | १८.५० | ३९.७६ | १२.७६ |
| **जम्मा** | **२६५२०३.२५** | **२०६२१.५०** | **१६३९०.००** | **१००.००** | **१००.००** | **१००.००** |

*स्रोत: कृषि विकास निर्देशनालय र जिल्लास्थित कृषि विकास कार्यालयहरु*

### क) खाद्य तथा अन्य बाली

आर्थिक वर्ष २०८१/८२ को असार मसान्तसम्म कर्णाली प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा ६.०८ प्रतिशतले कमी आएको छ । आर्थिक वर्ष २०८१/८२ को असार मसान्तसम्म धान र मकै बालीले ढाकेको क्षेत्रफलमा क्रमश: ५.११ प्रतिशत र ४.१६ प्रतिशतले कमी आएको छ । त्यसैगरी, गहुँ, कोदो, जौं र फापर बालीले ढाकेको क्षेत्रफल पनि क्रमश: ४.८६ प्रतिशत, ११.५२ प्रतिशत, १.३९ प्रतिशत र १२.२० प्रतिशतले कमी आएको छ ।

**रेखाचित्र ३.१: प्रमुख कृषि बालीले ढाकेको भू-क्षेत्र (हजार हेक्टरमा)**




*स्रोत: कृषि विकास निर्देशनालय र जिल्लास्थित कृषि विकास कार्यालयहरु*

कर्णाली प्रदेशमा रहेका १० जिल्लाहरुमध्ये खाद्य तथा अन्य बालीले ढाकेको कुल क्षेत्रफलमा सुर्खेतले सबैभन्दा धेरै १९.९८ प्रतिशत र हुम्ला जिल्लाले सबैभन्दा कम २.२९ प्रतिशत हिस्सा ओगटेको छ। समीक्षा वर्षमा खाद्य तथा अन्य बालीले समग्रमा ८६.३३ प्रतिशत हिस्सा ओगटेको छ।

### ख) तरकारी तथा बागवानी

समीक्षा वर्षमा तरकारी बालीले ढाकेको क्षेत्रफल ३.६४ प्रतिशतले वृद्धि भएको छ भने बागवानी बालीले ढाकेको क्षेत्रफलमा ८६.६९ प्रतिशतले कमी आएको छ। आर्थिक वर्ष २०८१/८२ को असार मसान्तसम्म तरकारी तथा बागवानी बालीले ढाकेको क्षेत्रफल समग्रमा १४.९१ प्रतिशतले कमी आएको छ। कर्णाली प्रदेशमा रहेका १० जिल्लाहरुमध्ये तरकारी र बागवानी क्षेत्रमा सल्यानले सबैभन्दा धेरै ३९.७६ प्रतिशत र मुगुले सबैभन्दा कम १.३१ प्रतिशत हिस्सा ओगटेको छ। समीक्षा वर्षमा तरकारी तथा बागवानी बालीले समष्टिगत कृषि बालीले ढाकेको कुल क्षेत्रफलको ६.७१ प्रतिशत हिस्सा ओगटेको छ।

### ग) फलफूल

आर्थिक वर्ष २०८१/८२ मा कर्णाली प्रदेशमा फलफूल बालीले ढाकेको क्षेत्रफल २.४० प्रतिशतले वृद्धि भई १६,३९० हेक्टर पुगेको छ। कर्णाली प्रदेशको कुल फलफूल बालीले ढाकेको क्षेत्रफलमध्ये सबैभन्दा बढी जुम्लाले २६.९९ प्रतिशत क्षेत्रफल ओगटेको छ भने सबैभन्दा कम रुकुम पश्चिमले १.५७ प्रतिशत भू-भाग ओगटेको छ।

## ३.२ कृषि उत्पादन

समीक्षा वर्षमा कर्णाली प्रदेशमा कृषि बालीको उत्पादन ५.०१ प्रतिशतले कमी आई १२,३७,०७२.१२ मेट्रिक टन कायम भएको छ। गत वर्षमा यस्तो उत्पादन ८.६३ प्रतिशतले वृद्धि भएको थियो।

**तालिका ३.२: प्रमुख कृषि बाली उत्पादन (आ.व.८१/८२)**

| जिल्ला | खाद्य तथा अन्य बाली | तरकारी तथा वागवानी | फलफुल | खाद्य तथा अन्य बालीमा जिल्लागत हिस्सा | तरकारी तथा वागवानीमा जिल्लागत हिस्सा | फलफुल उत्पादनमा जल्लागत हिस्सा |
|---|---|---|---|---|---|---|
| सुर्खेत | १७०३०१.०० | ४०८५५.०० | ७४०५.०० | २०.२३ | १४.११ | ९.३५ |
| दैलेख | १२७४३३.०० | ३१२०७.०० | ११४२५.०० | १५.१३ | १०.७८ | १४.४२ |
| जुम्ला | ७३३८३.०० | ४०६०.०० | १९८४०.०० | ८.७२ | १.४० | २५.०४ |
| रुकुम पश्चिम | ७०९३५.०० | २८८९०.०० | १९३५.०० | ८.४२ | ९.९८ | २.४४ |
| हुम्ला | २१४८६.०० | २९७९.०० | ५३४३.०० | २.५५ | १.०३ | ६.७४ |
| जाजरकोट | ९३८८३.१२ | १०५५१.०० | ३१२१.०० | ११.१५ | ३.६४ | ३.९४ |
| कालिकोट | ४६५९३.०० | २९०२३.०० | १२२००.०० | ५.५३ | १०.०२ | १५.४० |


| | | | | | | |
|---|---|---|---|---|---|---|
| डोल्पा | १२९०३.०० | २६२६.०० | ३३६५.०० | १.५३ | ०.९१ | ४.२५ |
| मुगु | २६६४३.०० | ५५६२.०० | ३५९५.०० | ३.१६ | १.९२ | ४.५४ |
| सल्यान | १९८४२१.०० | १३३७६५.०० | ११००३.०० | २३.५७ | ४६.२० | १३.८९ |
| जम्मा | ८४१९८१.१२ | २८९५१८.०० | ७९२३२.०० | १००.०० | १००.०० | १००.०० |

*स्रोत: कृषि विकास निर्देशनालय र जिल्लास्थित कृषि विकास कार्यालयहरु*

### क) खाद्य तथा अन्य बाली

समीक्षा वर्षमा  कर्णाली प्रदेशको खाद्य तथा अन्य बालीको उत्पादनमा ३.९५ प्रतिशतले ह्रास आएको छ। समीक्षा वर्षमा प्रमुख कृषि बालीमध्ये मकै बालीको उत्पादन ४.२४ प्रतिशतले वृद्धि भएको छ । त्यस्तै, आर्थिक वर्ष २०८०/८१ मा १२.०४ प्रतिशतले वृद्धि भएको धान उत्पादन समीक्षा वर्षमा  १०.२५ प्रतिशतले घटेको छ। समीक्षा वर्षमा  गहुँ, कोदो, जौ र फापरको उत्पादनमा क्रमशः १७.३१ प्रतिशत, १६.७३ प्रतिशत, १८.९८ प्रतिशत र २५.६९ प्रतिशतले कमी आएको छ ।

**रेखाचित्र ३.२: खाद्य तथा अन्य बालीको उत्पादन (हजार मेट्रिक टन)**




*स्रोत: कृषि विकास निर्देशनालय र जिल्लास्थित कृषि विकास कार्यालयहरु*

### ख) तरकारी तथा बागवानी

समीक्षा वर्षमा कर्णाली प्रदेशमा तरकारी तथा बागवानी उत्पादनमा ४.५६ प्रतिशतले कमी आई २ लाख ८९ हजार मेट्रिक टन कायम भएको छ। गत वर्षमा यस्तो उत्पादन ४४.०९ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा तरकारी तथा बागबानी उत्पादनमा क्रमशः ०.८८ प्रतिशत र ३६.४१ प्रतिशतले कमी आएको छ भने गत वर्षमा उक्त उत्पादन क्रमशः ५१.५१ प्रतिशत र १.२१ प्रतिशतले वृद्धि भएको थियो ।

### ग) फलफूल

समीक्षा वर्षमा कर्णाली प्रदेशभित्र फलफूल उत्पादन ९.५२ प्रतिशतले वृद्धि भई ७९,२३२ मेट्रिक टन पुगेको छ । समीक्षा वर्षमा प्रमुख फलफूलमध्ये सुन्तला, आँप, केरा र स्याउको उत्पादन क्रमशः ६.०५ प्रतिशत, ११.० प्रतिशत, ३.५२ प्रतिशत र १२.१३ प्रतिशतले वृद्धि भएको छ ।

समीक्षा वर्षमा यस प्रदेशको कुल खाद्य तथा अन्य बाली उत्पादनमा सबैभन्दा बढी हिस्सा २३.५७ प्रतिशत सल्यानको रहेको छ भने सबैभन्दा कम हिस्सा १.५३ प्रतिशत डोल्पाको रहेको छ । त्यसैगरी, यस प्रदेशको कुल तरकारी तथा बागवानी उत्पादनको सबैभन्दा बढी हिस्सा सल्यानको ४६.२० प्रतिशत रहेको छ भने मुगुको सबैभन्दा कम ०.९१ प्रतिशत हिस्सा रहेको छ । त्यस्तै, फलफूल उत्पादनमा सबैभन्दा बढी हिस्सा २५.०४ प्रतिशत जुम्लाको रहेको छ भने सबैभन्दा कम रुकुम पश्चिमको २.४४ प्रतिशत रहेको छ ।

## ३.३ पशुपन्छी, माछा तथा वनजन्य उत्पादन

### क) पशुपन्छी तथा माछा उत्पादन

आर्थिक वर्ष २०८१/८२ मा दुध उत्पादन २१.२९ प्रतिशतले वृद्धि भई ८१,८४३.८४ हजार लिटर पुगेको छ भने गत वर्ष यस्तो उत्पादनमा ३.२४ प्रतिशतले कमी आएको थियो । त्यस्तै, समीक्षा वर्षमा मासु उत्पादन १.११ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष मासु उत्पादन ७.७२ प्रतिशतले बढेको थियो । समीक्षा वर्षमा कर्णाली प्रदेशमा अण्डा उत्पादनमा ५२.६८ प्रतिशतले ह्रास आएको छ । गत वर्ष यो उत्पादन ३.८३ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा माछा उत्पादन ३३.१८ प्रतिशतले कमी आएको छ ।

### ख) वनजन्य उत्पादन

समीक्षा वर्षमा कर्णाली प्रदेशमा काठ, दाउरा, औषधीजन्य वस्तु र अन्य उत्पादनमा क्रमशः ५३.९० प्रतिशत, १३३.१० प्रतिशत, ७९.२३ प्रतिशत, ४२.६२ प्रतिशत वृद्धि भएको देखिन्छ । विभिन्न विकास आयोजना र निर्माण कार्यका कारण काठ दाउराको उत्पादनमा प्रभाव पर्ने तथा जिल्लाको पञ्चवर्षीय वन व्यवस्थापन कार्ययोजना स्वीकृत भई लागु भएसँगै वन पैदावार संकलन कार्य सुचारु भएको हुनाले वनजन्य उत्पादनमा उल्लेखनीय मात्रामा वृद्धि भएको देखिन्छ ।

## ३.४ सिँचाई

समीक्षा वर्षमा यस प्रदेशमा रहेको कुल खेती गरिएको क्षेत्रफल १,३१,९४६.० हेक्टरमध्ये ५९,०४८.५० हेक्टर क्षेत्रफलमा मात्र सिँचाई सुविधा पुगेको छ । गत वर्षको तुलनामा समीक्षा वर्षमा सिञ्चित क्षेत्रफलमा २.४८ प्रतिशतले ह्रास आएको छ । समीक्षा वर्षमा कुलोद्वारा सिञ्चित क्षेत्रफल सबैभन्दा बढी ५१,७३६.० हेक्टर रहेको छ भने सबैभन्दा कम २ हेक्टर क्षेत्रफल बोरिङ्गद्वारा सिञ्चित क्षेत्रफल रहेको छ ।

**तालिका ३.३: कर्णाली प्रदेशमा सिँचाईको अवस्था (हेक्टर)**

| सिँचाई/आ.व | आ.व. २०७९/८० (साउन-असार) | आ.व. २०८०/८१ (साउन-असार) | आ.व. २०८१/८२ (साउन-असार) | गत वर्षको प्रतिशत परिवर्तन | समीक्षा वर्षको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| कुलो | ४८०७४.०० | ४८२९६.५० | ५१७३६.०० | ०.४६ | ७.१२ |
| नहर | १०२५९.०० | १०५२८.०० | ९६५७.०० | २.६२ | – ८.२७ |
| पोखरी | ११०५.५८ | १२५७.५८ | १२४५.०० | १३.७५ | – १.०० |
| बोरिङ्ग | २.०० | २.०० | २.०० | | |
| थोपा | २०७.०० | २०७.५० | २०७.०० | ०.२४ | – ०.२४ |
| अन्य | २०६.०० | २६१.०० | १७१.०० | २६.७० | – ३४.४८ |

*स्रोत: खानेपानी, सिँचाई तथा ऊर्जा विकास निर्देशनालय र जिल्ला स्थित कार्यालयहरु*

## ३.५ क्षेत्रगत कृषि कर्जा

२०८२ असार मसान्तसम्म यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुद्वारा कृषि क्षेत्रमा प्रवाहित कर्जामा गत वर्षको तुलनामा ७.७० प्रतिशतले ह्रास आई रु.४ अर्ब ९८ करोड ४९ लाख कायम भएको छ। समीक्षा वर्षमा प्रवाहित कुल कृषि कर्जामध्ये सबैभन्दा बढी पशुपालन/पशुबधशाला शीर्षकमा रु.१ अर्ब १६ करोड २९ लाख कायम भएको छ भने सिँचाई शीर्षकमा कृषि कर्जा प्रवाह भएको छैन। यस प्रदेशमा प्रवाहित कुल कृषि कर्जामध्ये सबैभन्दा धेरै रु.१ अर्ब ७६ करोड ३५ लाख सुर्खेतमा प्रवाहित भएको छ भने सबैभन्दा कम रु.१२ करोड ८४ लाख मुगुमा प्रवाहित भएको देखिन्छ।

**तालिका ३.४: जिल्लागत कृषि कर्जा (रु.दश लाख)**

| जिल्ला/आ.व | आ.व. २०७९/८० (साउन-असार) | आ.व. २०८०/८१ (साउन- असार) | आ.व. २०८१/८२ (साउन- असार) | गत अवधिको परिवर्तन (प्रतिशत) | समीक्षा अवधिको परिवर्तन (प्रतिशत) |
|---|---|---|---|---|---|
| डोल्पा | १३५.५९ | १९१.५८ | १९०.३९ | ४१.२९ | –०.६२ |
| मुगु | १२८.९९ | १४९.४५ | १२८.४८ | १५.८६ | –१४.०३ |
| हुम्ला | २१८.५६ | २७१.९४ | २८६.२३ | २४.४३ | ५.२६ |
| जुम्ला | ५०२.३५ | ५५१.७२ | ५१७.९६ | ९.८३ | –६.१२ |
| कालीकोट | १५१.६३ | १५९.३८ | १४१.६३ | ५.११ | –११.१४ |
| दैलेख | ३६०.९९ | ३८२.५९ | ३२७.८१ | ५.९९ | –१४.३२ |
| जाजरकोट | ३३२.७७ | ३८५.५५ | ४०१.९३ | १५.८६ | ४.२५ |
| रुकुम पश्चिम | ५९९.५५ | ६११.०४ | ६०८.२५ | १.९२ | – ०.४६ |
| सल्यान | ५७६.१५ | ६६१.०३ | ६१८.७३ | १४.७३ | – ६.४० |
| सुर्खेत | २४८८.२१ | २०३६.५१ | १७६३.५२ | – १८.१५ | – १३.४० |
| **कर्णाली प्रदेश** | **५४९४.७७** | **५४००.७९** | **४९८४.९२** | **– १.७१** | **– ७.७०** |

*स्रोत: नेपाल राष्ट्र बैंक*

## ३.६ कृषि क्षेत्रको चुनौती र सम्भावना

### क) कृषि क्षेत्रको चुनौती

१. अर्गानिक तथा रैथाने कृषि उपजहरुको पर्याप्त बजार पहुँच र प्रभावकारी वितरणका लागि आवश्यक पर्याप्त यातायात सुविधा, चिस्यान केन्द्र लगायतका भौतिक पूर्वाधारहरुको स्थापना तथा विकास गर्नु ।

२. यस प्रदेशको अधिकांश हिस्सा ओगटेको परम्परागत निर्वाहमुखी कृषि प्रणालीलाई आधुनिक कृषि प्रणालीमा रुपान्तरण गर्नु ।

३. कृषि क्षेत्रसँग सम्बन्धित सरोकारवाला निकायहरु बीच नीतिगत, संस्थागत र सञ्चालन प्रक्रियाहरुमा सामञ्जस्यता कायम गर्नु ।

४. मौसम प्रतिकुलताका कारण कृषि बालीमा पर्न जाने प्रभाव न्यूनीकरण गर्नका लागि जलवायु अनुकुल वातावरणको विकास गर्नु ।

५. भौगोलिक विकटताका कारण खेतीयोग्य क्षेत्रफलमा सिँचाई सुविधा उपलब्ध गराउनु ।

### ख) कृषि क्षेत्रको सम्भावना

१. उच्च मूल्यका निर्यातयोग्य रैथाने कृषि वस्तुहरुको पहिचान तथा ब्राण्डिङ्ग गरी अन्तराष्ट्रिय बजारमा निर्यात गर्न सकिने सम्भावना रहेको छ ।

२. आम मानिसको स्वास्थ्यप्रतिको चासो र वातावरणीय सचेतना बढ्दै जानु जसको फलस्वरुप, स्थानीय तथा अन्तर्राष्ट्रिय बजारमा अर्गानिक वस्तुहरुको माग बढ्दै गईरहेको परिप्रेक्ष्यमा अर्गानिक वस्तुहरुको उत्पादन वृद्धि गरी मुनाफा आर्जन गर्न सकिने सम्भावना रहेको छ ।

३. अर्गानिक कृषि खेतीका लागि सुहाँउदो भौगोलिक बनावट, संघीय, प्रादेशिक र स्थानीय स्तरका सरकारबाट अर्गानिक कृषि खेतीलाई प्राथमिकता, स्थानीय र अन्तराष्ट्रिय स्तरमा अर्गानिक वस्तुहरुको माग वृद्धि, लगायत कृषि पर्यटन र निर्यातको उच्च सम्भावना रहेकोले यस प्रदेशलाई अर्गानिक कृषि उत्पादनको हबको रुपमा स्थापित गर्न सकिने सम्भावना रहेको छ ।

४. यो प्रदेश कृषि तथा जडिबुटीजन्य कच्चा पदार्थको भण्डार भएकाले कृषि तथा जडीबुटी सम्बन्धी उद्योग सञ्चालन गरी युवाहरुलाई उद्यमी बनाउँदै रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको छ ।

५. यस प्रदेशको जुम्ला लगायतका हिमाली जिल्लामा व्यावसायिक स्याउ, सिमी, ओखर खेती, मार्सि चामल तथा अन्य पहाडी जिल्लाहरु दैलेख, सुर्खेत, कालिकोट, सल्यानमा व्यावसायिक सुन्तला, केरा, आँप खेतीको उच्च सम्भावना रहेको छ ।

# परिच्छेद ४: उद्योग क्षेत्र


आर्थिक वर्ष २०८१/८२ मा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान ९.५८ प्रतिशत रहने अनुमान छ । यस प्रदेशमा उत्पादनमूलक उद्योगको कुल मूल्य अभिवृद्धिदर ३.५२ प्रतिशत र निर्माण क्षेत्रको कुल मूल्य अभिवृद्धिदर ३.२५ प्रतिशत हुने प्रारम्भिक अनुमान छ। उद्योग विभागको तथ्याङ्क अनुसार कर्णाली प्रदेशमा रुरुगाड पावर कम्पनी प्रा.लि., सुर्य तारा सिमेन्ट उद्योग प्रा.लि., रारा होल्डिङ्ग प्रा.लि. र स्यार्पु पावर कम्पनी लि. गरी ४ वटा ठुला उद्योगहरु दर्ता भएका छन् ।

## ४.१ उद्योगको क्षमता उपयोग, उत्पादन तथा प्रत्यक्ष रोजगारी

### क) उद्योगको क्षमता उपयोग

समीक्षा वर्षमा कर्णाली प्रदेशमा नमुना छनोटमा समेटिएका उद्योगहरुको औसत क्षमता उपयोग ४६.५२ प्रतिशत रहेको छ । यस वर्षमा बिजुलीका तार र केबल उत्पादन सम्बन्धी उद्योगको क्षमता उपयोग सबैभन्दा बढी ९०.० प्रतिशत रहेको छ भने सबैभन्दा कम गलैंचा, राडी पाखी तथा जुटका सामान अन्तर्गत गलैंचा उत्पादन सम्बन्धी उद्योगको क्षमता उपयोग २३.०८ प्रतिशत रहेको छ ।

**रेखाचित्र ४.१ : उद्योगको क्षमता उपयोगको अवस्था (प्रतिशत)**




*स्रोत: वीरेन्द्रनगर सुर्खेत स्थित उद्योगहरु*

त्यसैगरी, प्रशोधित दूध, अन्न तथा पशुदाना, चाउचाउ, अन्य लत्ता कपडा, कागज र छालाका जुत्ता उत्पादन गर्ने उद्योगहरुको क्षमता उपयोग क्रमशः २८.७५ प्रतिशत, ३७.४२ प्रतिशत, ५०.० प्रतिशत, ८३.३३ प्रतिशत, ६०.९५ प्रतिशत र २५.० प्रतिशत रहेको छ । त्यसैगरी, राडी पाखी र चिरेको काठ उत्पादन गर्ने उद्योगहरुको क्षमता उपयोग समान ३३.३३ प्रतिशत रहेको छ ।

### ख) औद्योगिक उत्पादनको अवस्था

समीक्षा वर्षमा कर्णाली प्रदेशमा नमुना छनोटमा समेटिएका उद्योगहरुमध्ये अधिकांश उद्योगहरुको उत्पादनमा वृद्धि भएको देखिन्छ भने गलैंचा, राडी पाखी, छालाका जुत्ता उत्पादन गर्ने उद्योगहरुको उत्पादनमा ह्रास आएको देखिन्छ। यस वर्षमा गलैंचा, राडी पाखी, छालाका जुत्ता उत्पादन गर्ने उद्योगहरुको उत्पादनमा क्रमशः २५.० प्रतिशत, ५०.० प्रतिशत र ७.६९ प्रतिशतले ह्रास आएको छ । त्यसैगरी, दुग्ध पदार्थ, अन्न तथा पशुदाना, अन्य लत्ता कपडा, चिरेको काठ, कागज तथा कागजका सामान, बिजुलीका तार र केबल उत्पादन गर्ने उद्योगहरुको उत्पादनमा क्रमशः २.२५ प्रतिशत, ४८.८० प्रतिशत, ३१.५८ प्रतिशत, ३३.३३ प्रतिशत, १४.२९ प्रतिशत र ४.६५ प्रतिशतले वृद्धि भएको देखिन्छ भने चाउचाउ उत्पादन गर्ने उद्योगको उत्पादनमा भने कुनै परिवर्तन आएको छैन ।

**तालिका ४.१ : औद्योगिक उत्पादनको अवस्था**

| विवरण | आ.व. २०७९/८० (साउन-असार) | आ.व. २०८०/८१ (साउन-असार) | आ.व. २०८१/८२ (साउन-असार) |
|---|---|---|---|
| छालाको जुत्ता(जोर) | ७०००.०० | ६५००.०० | ६००० |
| प्रशोधित दूध हजार लिटर | १४६०.०० | १६४२.०० | १६७९.०० |
| गलैंचा (वर्ग मिटर) | ०.५० | ०.४० | ०.३० |
| राडी पाखी (वर्ग मिटर) | २.४० | २.४० | १.२० |
| अन्न तथा पशु दाना (मे.टन) | ५७.०० | ८३.०० | १२३.५० |
| चाउचाउ (मे.टन) | ४.०० | ७.५० | ७.५० |
| कागज (मे.टन) | ४०.०० | ५६.०० | ६४.०० |
| बिजुलीका तार र केबल (मे.टन) | ४.०० | ८.६० | ९.०० |
| अन्य लत्ता कपडा (मे.टन) | १७.०० | १९.०० | २५.०० |
| चिरेको काठ (मे.टन) | ११.०० | १५.०० | २०.०० |

*स्रोत: वीरेन्द्रगर सुर्खेत स्थित नमूना छनोटमा परेका उद्योगहरु*

## ४.२ क्षेत्रगत औद्योगिक कर्जा

यस प्रदेशमा २०८१ को असार मसान्तमा रु.४ अर्ब ११ करोड ८६ लाख रहेको कुल औद्योगिक कर्जा २०८२ असार मसान्तमा १.९४ प्रतिशतले घटेर रु.४ अर्ब ३ करोड ८७ लाख कायम भएको छ । समीक्षा वर्षमा धातुका उत्पादन मेसिनरी तथा ईलेक्ट्रोनिक्स सम्बन्धी उद्योगमा प्रवाहित कर्जा सबैभन्दा बढी २१.१६ प्रतिशतले वृद्धि भएको छ भने सबैभन्दा बढी खानी सम्बन्धी उद्योगमा प्रवाहित कर्जामा २९.९८ प्रतिशतले कमी आएको छ । समीक्षा वर्षमा सुर्खेतमा सबैभन्दा धैरै रु.२ अर्ब ४८ करोड ०९ लाख औद्योगिक कर्जा प्रवाह भएको छ भने डोल्पामा सबैभन्दा कम रु.१ करोड २९ लाख कर्जा प्रवाह भएको छ ।


**तालिका ४.२ : जिल्लागत औद्योगिक कर्जा (रु.दश लाख)**

| जिल्ला/आ.व. | आ.व. २०७९/८० (साउन-असार) | आ.व. २०८०/८१ (साउन-असार) | आ.व. २०८१/८२ (साउन-असार) | गत वर्षको परिवर्तन ( प्रतिशत) | समीक्षा वर्षको परिवर्तन ( प्रतिशत) |
|---|---|---|---|---|---|
| डोल्पा | ८.८२ | १६.५२ | १२.९७ | ८७.२५ | – २१.४४ |
| मुगु | ५८.६२ | ६६.३० | ६४.३३ | १३.१० | – २.९६ |
| हुम्ला | ८८.१६ | १२३.५९ | १७८.६२ | ४०.१९ | ४४.५२ |
| जुम्ला | २३१.७६ | २७५.८८ | २७२.४६ | १९.०४ | – १.२४ |
| कालीकोट | ११५.२१ | ११९.७७ | ११४.४६ | ३.९६ | – ४.४३ |
| दैलेख | १९४.८७ | २७४.६४ | २९२.१५ | ४०.९४ | ६.३७ |
| जाजरकोट | ५५.२७ | ५८.२० | ५५.६१ | ५.३० | –४.४४ |
| रुकुम पश्चिम | १७५.२९ | १८६.९० | १९८.४४ | ६.६३ | ६.१७ |
| सल्यान | ४४३.३४ | ३९६.५४ | ३६८.७२ | –१०.५६ | –७.०२ |
| सुर्खेत | २६१४.७७ | २६००.३५ | २४८०.९८ | –०.५५ | –४.५९ |
| **कर्णाली प्रदेश** | **३९८६.१०** | **४११८.६९** | **४०३८.७६** | **३.३३** | **–१.९४** |

*स्रोत: नेपाल राष्ट्र बैंक*

समीक्षा वर्षमा कुल औद्योगिक कर्जामध्ये गैर खाद्य वस्तु उत्पादन सम्बन्धी क्षेत्रको अंश सबैभन्दा बढी २८.८७ प्रतिशत र खानी सम्बन्धी क्षेत्रको अंश सबैभन्दा कम १.३१ प्रतिशत रहेको छ। त्यसैगरी, निर्माण सम्बन्धी उद्योग, कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी उद्योग, धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक्स सम्बन्धी उद्योग र विद्युत्, ग्याँस तथा पानी सम्बन्धी उद्योगले कुल औद्योगिक कर्जाको क्रमशः २८.६९ प्रतिशत, २३.८९ प्रतिशत, १२.१४ प्रतिशत र ५.०९ प्रतिशत हिस्सा ओगटेका छन् ।

**रेखाचित्र ४.२ : क्षेत्रगत औद्योगिक कर्जा (प्रतिशत)**




*स्रोत: नेपाल राष्ट्र बैंक*

## ४.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना

### क) औद्योगिक क्षेत्रको चुनौती

१. प्रदेशमै उपलब्ध कच्चा पदार्थमा आधारित उद्योग स्थापना गर्नु तथा औद्योगिक क्षेत्र एवम् औद्योगिक ग्रामको विकास र विस्तार गर्नु ।

२. कर्णाली प्रदेशमा उद्योगहरुको संख्या कम हुनु र सञ्चालनमा रहेका उद्योगहरु पनि आवश्यक पूर्वाधारहरुको अभावका कारणले न्यून क्षमतामा सञ्चालनमा रहेको अवस्थामा आवश्यक पूर्वाधारहरुको विकास गरी उद्योगहरुको क्षमता उपयोग अभिवृद्धि गर्नु चुनौतिपूर्ण रहेको छ ।

३. वित्तीय स्रोतको सीमितताका बाबजुद औद्योगिक क्षेत्रमा आवश्यक पूर्वाधारको विकास गर्नु ।

४. यस प्रदेशमा सञ्चालनमा रहेका उद्योगहरुबाट उत्पादित वस्तुहरुको लागत तथा गुणस्तर व्यवस्थापन गर्दै वस्तुहरुको प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि गर्नु ।

### ख) औद्योगिक क्षेत्रको सम्भावना

१. दैलेख जिल्लामा पेट्रोलियम अन्वेषण कार्य सम्पन्न भईसकेको अवस्थामा पेट्रोलियम पदार्थमा आत्मनिर्भर बन्न सक्ने देखिएकाले पेट्रोलियम पदार्थ सम्बन्धी उद्योग स्थापना गर्न सकिने सम्भावना रहेको छ ।

२. यस प्रदेशमा less volume high value भएका अर्गानिक कृषिजन्य वस्तुहरु र हाईड्रोपावरको सम्भावना रहेकाले स्वदेशी तथा विदेशी लगानीमा उद्योगहरु स्थापना गरी रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको छ ।

३. यस प्रदेशमा उच्च मूल्यका जडीबुटी जस्तै यार्सागुम्बा, पाँचऔंले पाईने भएकाले जडिबुटी प्रशोधन केन्द्र स्थापना गरी उचित मूल्यमा स्वदेश तथा विदेशमा निर्यात गर्न सकिने सम्भावना रहेको छ ।

४. यस प्रदेशमा उर्जा, खानी, कृषि, वन तथा पशुपन्छी लगायत जडिबुटी सम्बन्धी उद्योगको प्रचुर सम्भावना भएकोले यस्ता उद्योगहरुको स्थापना, विकास र विस्तार गरी उच्च रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको छ ।

# परिच्छेद ५: सेवा क्षेत्र

राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार आर्थिक वर्ष २०८१/८२ को राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान ६२.०१ प्रतिशत रहने प्रारम्भिक अनुमान छ। सेवा क्षेत्रको योगदान गत आर्थिक वर्षको तुलनामा सिमान्त रुपमा घटेको देखिन्छ। आर्थिक वर्ष २०८१/८२ मा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान ५८.९१ प्रतिशत रहने प्रारम्भिक अनुमान छ।

## ५.१ पर्यटन

कर्णाली प्रदेशस्थित सञ्चालनमा रहेका होटलहरुमध्ये नमूना छनोटमा परेका १० होटलहरुबाट प्राप्त तथ्याङ्कको आधारमा समग्र कर्णाली प्रदेशको होटल तथा पर्यटन व्यवसायको अवस्था विश्लेषण गरिएको छ (तालिका ५.१)।

कर्णाली प्रदेशस्थित सञ्चालनमा रहेका होटलहरुमध्ये नमूना छनोटमा परेका होटलहरुको शैया संख्या ५.५८ प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०८१/८२ मा होटल व्यवसायले सिर्जना गरेको प्रत्यक्ष रोजगारीमा १.०९ प्रतिशतले कमी आएको छ। गत वर्षमा सो व्यवसायले सिर्जना गरेको प्रत्यक्ष रोजगारीमा १.१० प्रतिशतले वृद्धि भएको थियो। समीक्षा वर्षमा यस प्रदेशमा समग्रमा पर्यटक आगमन संख्या गत वर्षको तुलनामा १.७२ प्रतिशतले वृद्धि भई ८,१६९ जना पुगेको देखिन्छ। नमूना छनोटमा परेका होटलहरुमध्ये गत वर्षमा ४९.६३ प्रतिशतले वृद्धि भएको भारतीय पर्यटक आगमनको संख्यामा समीक्षा वर्षमा २३.८५ प्रतिशतले कमी आएको छ। गत वर्षमा ७१.७२ प्रतिशतले वृद्धि भएको चिनियाँ पर्यटक आगमनको संख्यामा समीक्षा वर्षमा २५.७७ प्रतिशतले कमी आएको छ। यस प्रदेशमा समीक्षा वर्षमा तेस्रो मुलुकबाट आउने पर्यटकहरुको संख्या ९.१३ प्रतिशतले वृद्धि भएको देखिन्छ।

**तालिका ५.१: नमूना होटलहरुबाट संकलन गरिएका तथ्याङ्क स्थिति**

| विवरण | २०७९/८० (साउन-असार) | २०८०/८१ (साउन-असार) | २०८१/८२ (साउन-असार) | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| होटल शैयाको संख्या | २६६.०० | २६९.०० | २८४.०० | १.१३ | ५.५८ |
| प्रत्यक्ष रोजगारी संख्या | १८१.०० | १८३.०० | १८१.०० | १.१० | -१.०९ |
| **पर्यटक आगमन संख्या** | **५२००.००** | **८०३१.००** | **८१६९.००** | **५४.४४** | **१.७२** |
| भारत | २८३३.०० | ४२३९.०० | ३२२८.०० | ४९.६३ | -२३.८५ |
| चीन | १२२७.०० | २१०७.०० | १५६४.०० | ७१.७२ | -२५.७७ |
| तेस्रो मुलुक | ११४०.०० | १६८६.०० | १८४०.०० | ४७.८९ | ९.१३ |

*स्रोत: कर्णाली प्रदेशस्थित नमूना छनोटमा परेका होटलहरु*

## ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

समीक्षा वर्षमा यस प्रदेशमा घरजग्गा रजिष्ट्रेशन संख्या १.८५ प्रतिशतले घटेर १७,२९९ कायम भएको छ । समीक्षा वर्षमा घर/भवन नक्सा पास संख्यामा १२.०५ प्रतिशतले ह्रास आएको छ । गत वर्षमा त्यस्तो नक्सा पास संख्यामा ३.७४ प्रतिशतले कमी आएको थियो । त्यसैगरी, समीक्षा वर्षमा घरजग्गा रजिष्ट्रेशन वापतको राजस्व गत वर्षको तुलनामा १८.९२ प्रतिशतले ह्रास आई रु.३३ करोड ६० लाख भएको छ ।

**तालिका ५.२: घरजग्गा कारोवार संख्या तथा राजस्वको स्थिति**

| विवरण | आ.व. २०७९/८० (साउन-असार) | आ.व. २०८०/८१ (साउन-असार) | आ.व. २०८१/८२ (साउन-असार) | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| घरजग्गा रजिष्ट्रेशन संख्या | १७८९६.०० | १७६२५.५० | १७२९९.०० | -१.५१ | -१.८५ |
| घर/भवन स्थायी नक्सा पास संख्या | १०४३.०० | १००४.०० | ८८३.०० | -३.७४ | -१२.०५ |
| घरजग्गा रजिष्ट्रेशन राजस्व (रु. दश लाखमा) | २१५.८४ | ४१४.५४ | ३३६.०९ | ९२.०६ | -१८.९२ |

*स्रोत: कर्णाली प्रदेशस्थित ५ स्थानीयतहहरु*

## ५.३ वित्तीय सेवा

समीक्षा वर्षमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाका ४७९ शाखा रहेका छन् (तालिका ५.३) ।

**तालिका ५.३: बैंक तथा वित्तीय संस्थाको जिल्लागत शाखा संख्या (जिल्लागत)**

| जिल्ला | क वर्ग | ख वर्ग | ग वर्ग | घ वर्ग | जम्मा |
|---|---|---|---|---|---|
| दैलेख | २६ | १ | | ३१ | ५८ |
| डोल्पा | १३ | | | ४ | १७ |
| हुम्ला | ९ | १ | | ३ | १३ |
| जाजरकोट | १६ | १ | | १९ | ३६ |
| जुम्ला | २३ | १ | | १५ | ३९ |
| कालिकोट | १७ | | | १२ | २९ |
| मुगु | ९ | | | ५ | १४ |
| रुकुम पश्चिम | २२ | २ | १ | २९ | ५४ |
| सल्यान | २६ | ५ | १ | ४५ | ७७ |
| सुर्खेत | ५६ | १० | १ | ७५ | १४२ |
| **जम्मा** | २१७ | २१ | ३ | २३८ | ४७९ |

*स्रोत: नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग*

यस प्रदेशमा रहेका बैंक तथा वित्तीय संस्थाका जम्मा शाखाहरुमध्ये वाणिज्य बैंक (क वर्ग) को २१७, विकास बैंक (ख वर्ग) को २१, वित्त कम्पनी (ग वर्ग) को ३ र लघु वित्त वित्तीय संस्था (घ वर्ग) को २३८ रहेका छन् ।

### क) वित्तीय पहुँचको अवस्था

### अ) शाखारहित बैकिङ्ग, ए.टि.एम., मोबाईल तथा इन्टरनेट बैकिङ्ग

समीक्षा वर्षमा कर्णाली प्रदेशमा १८ वटा शाखारहित बैकिङ्ग सेवा रहेका छन् । यस्तो सेवा प्रवाहमा सुर्खेत जिल्ला सबैभन्दा अगाडि रहेको छ। यस जिल्लामा ८ वटा शाखारहित बैकिङ्ग सेवा रहेको देखिन्छ। त्यसैगरी, हुम्ला, कालिकोट र दैलेखमा २/२ वटा शाखारहित बैकिङ्ग सेवा रहेका छन् । त्यस्तै, मुगु, जाजरकोट, रुकुम पश्चिम र सल्यानमा १/१ वटा शाखारहित बैकिङ्ग सेवा रहेका छन्। बाँकी दुई जिल्लाहरु डोल्पा र जुम्लामा भने यस्तो सेवा प्रवाह सुरु भएको छैन (तालिका ५.४)।

**तालिका ५.४: बैंक तथा वित्तीय संस्थाको शाखा रहित बैंकिङ्ग, ए.टि.एम., मोबाईल तथा इन्टरनेट बैंकिङ्ग संख्या (जिल्लागत)**

| जिल्ला | शाखा रहित बैकिङ्ग संख्या | ए.टि.एम. तथा बुथ संख्या | रजिष्टर्ड मोबाईल बैकिङ्गको सँख्या (क, ख, ग) | रजिष्टर्ड इन्दरनेट बैकिङ्गको सँख्या (क, ख, ग) |
|---|---|---|---|---|
| डोल्पा | – | – | ९३,७०० | १,५६६ |
| मुगु | १ | २ | १९,८९९ | ५९१ |
| हुम्ला | २ | २ | २२,६३६ | ९६५ |
| जुम्ला | – | १२ | ५६,४८५ | ९८३ |
| कालिकोट | २ | ५ | ६९,४८१ | ६६२ |
| दैलेख | २ | १३ | ४७,८०३ | ४४६ |
| जाजरकोट | १ | ७ | २४,०४१ | १४६ |
| रुकुम पश्चिम | १ | १६ | ९६,२७२ | ७७९ |
| सल्यान | १ | १५ | १२१,१७५ | १,७७५ |
| सुर्खेत | ८ | ४५ | ३५३,२०० | ११,४६२ |
| **जम्मा** | **१८** | **११७** | **९,०४,४३१** | **१९,३७५** |

*स्रोत: नेपाल राष्ट्र बैंक*

समीक्षा वर्षमा कर्णाली प्रदेशमा ११७ ए.टि.एम सञ्चालनमा रहेका छन्। समीक्षा वर्षमा हुम्ला र मुगुमा २/२ ए.टि.एम. रहेका छन्। समीक्षा वर्षसम्म कर्णाली प्रदेशमा मोबाईल बैकिङ्ग सेवामा रजिस्टर भएका जम्मा ग्राहकको संख्या ९,०४,४३१ पुगेको छ । जसमध्ये सबैभन्दा बढी सुर्खेतमा ३,५३,२०० र सबैभन्दा कम मुगुमा १९,८९९ रहेका छन् । त्यसैगरी, इन्टरनेट बैकिङ्ग सेवामा रजिस्टर भएका जम्मा ग्राहकका संख्या १९,३७५ पुगेको छ। जसमध्ये, सबैभन्दा बढी सुर्खेतमा ११,३६२ र सबैभन्दा कम मुगुमा १४६ रहेका छन्।

### आ) डिजिटल भुक्तानी ग्राहकको संख्या

समीक्षा वर्षमा यस प्रदेशमा डिजिटल भुक्तानी ग्राहकको संख्या १२,८५,०३६ पुगेको छ । क्रेडिट कार्ड, डेबिड कार्ड, मोबाईल बैंकिङ्ग, अनलाईन बैंकिङ्ग, पिओएस, प्रिपेड कार्ड र क्युआर मर्चेन्टका कुल क्रमशः ४,३०८ संख्या, ३,३१,३३१ संख्या, ८,८२,७१९ संख्या, ३१,०८३ संख्या, २७५ संख्या, ७५४ संख्या र ३४,५६६ संख्या पुगेको छ (तालिका ५.५)।

### तालिका ५.५: डिजिटल भुक्तानी ग्राहकको संख्या
(जिल्लागत)

| जिल्ला | क्रेडिट कार्ड | डेबिट कार्ड | मोबाईल बैंकिङ्ग ग्राहक संख्या | अनलाईन बैंकिङ्ग ग्राहक संख्या | पी ओ एस | प्रीपेड कार्ड | क्यु आर मर्चेन्ट | कुल |
|---|---|---|---|---|---|---|---|---|
| दैलेख | ३५९ | २८,२५५ | ९३,८७६ | २,१९५ | ११ | २० | ३,३३३ | १२८,०४९ |
| डोल्पा | ७४ | ४,९६१ | २३,२५४ | ७१३ | ७ | ६ | १,२२५ | ३०,२४० |
| हुम्ला | ४६ | ८,०१७ | २२,७४५ | १,०४१ | ० | ४ | ७९१ | ३२,६४४ |
| जाजरकोट | १४० | २०,७१७ | ६०,२६१ | १,१६५ | १५ | १९ | २,५६८ | ८४,८८५ |
| जुम्ला | ३१३ | २७,६२१ | ६६,४१६ | १,२९८ | १९ | १९ | २,६७९ | ९८,३६५ |
| कालिकोट | ४५ | १२,३५० | ४६,७३६ | ७२० | ९ | ९ | २,३८५ | ६२,२५४ |
| मुगु | ४८ | ६,८११ | २३,९३५ | १८० | ५ | ३ | ८०६ | ३१,७८८ |
| रुकुम पश्चिम | ३०७ | ३७,६०५ | ८७,३७४ | १,१३१ | १३ | ४८ | २,४९८ | १२८,९७६ |
| सल्यान | ३४६ | ३०,६२२ | १२०,७४१ | ३,१४२ | ७ | ४६ | ३,१७१ | १५८,०७५ |
| सुर्खेत | २,६३० | १५४,३७२ | ३३७,३८१ | १९,४९८ | १८९ | ५८० | १५,११० | ५२९,७६० |
| **कुल** | **४,३०८** | **३,३१,३३१** | **८,८२,७१९** | **३१,०८३** | **२७५** | **७५४** | **३४,५६६** | **१,२८५,०३६** |


*स्रोत: नेपाल राष्ट्र बैंक*

### ख) निक्षेप तथा कर्जाको स्थिति

समीक्षा वर्षमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको निक्षेप गत वर्षको तुलनामा २०.७१ प्रतिशतले वृद्धि भई रु.९१ अर्ब ९ करोड पुगेको छ । गत वर्षमा यस्तो निक्षेप ११.७९ प्रतिशतले वृद्धि भई रु.७५ अर्ब ४५ करोड ९१ लाख पुगेको थियो ।

समीक्षा वर्षमा यस प्रदेशमा प्रवाह भएको कुल कर्जा २.८० प्रतिशतले वृद्धि भई रु.६० अर्ब ८९ करोड ४२ लाख पुगेको छ । गत वर्षमा यस्तो कर्जा २.२३ प्रतिशतले वृद्धि भई रु.५९ अर्ब २३ करोड ४४ लाख पुगेको थियो ।

**रेखाचित्र ५.१: कर्णाली प्रदेशको निक्षेप तथा कर्जाको स्थिति (रु.दश लाख)**




*स्रोत: नेपाल राष्ट्र बैंक*

## ५.४ यातायात

आर्थिक वर्ष २०८१/८२ मा यस प्रदेशमा दर्ता भएका सवारी साधनको संख्या ३२.३९ प्रतिशतले वृद्धि भई ३,९७७ पुगेको छ। गत वर्षमा सो संख्यामा ११.४९ प्रतिशतले कमी आएको थियो।

**तालिका ५.६: यातायातका साधनको संख्या**

| विवरण/आ.व. | आ.व. २०७९/८० (साउन-असार) | आ.व. २०८०/८१ (साउन-असार) | आ.व. २०८१/८२ (साउन-असार) | गत वर्षको प्रतिशत परिवर्तन | समीक्षा वर्षको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| यातायातका साधनको कुल संख्या | ३३९४ | ३००४ | ३९७७ | -११.४९ | ३२.३९ |
| मोटरसाईकल | २५१७ | २४३८ | ३२२९ | -३.१४ | ३२.४४ |
| अन्य | ८७७ | ५६६ | ७४८ | -३५.४६ | ३२.१६ |

*स्रोतः यातायात व्यवस्था कार्यालय, सुर्खेत र जुम्ला*

समीक्षा वर्षमा मोटरसाईकलको दर्ता संख्या ३२.४४ प्रतिशतले वृद्धि भई २,५५२ पुगेको छ। त्यसैगरी, अन्य सवारी साधनको संख्या ३३.१६ प्रतिशतले वृद्धि भई ७४८ पुगेको छ।

## ५.५ शिक्षा तथा स्वास्थ्य

आर्थिक वर्ष २०८१/८२ मा यस प्रदेशमा सरकारी/सामुदायिक विद्यालयको संख्या २,९६३, विद्यार्थी संख्या ५,०३,२८३ र शिक्षक संख्या १५,८२७ रहेको छ। समीक्षा वर्षमा सरकारी तथा सामुदायिक क्षेत्रका विद्यालयमा विद्यालय र विद्यार्थी संख्यामा क्रमशः ३.३३ प्रतिशत र ९.४६ प्रतिशतले कमी आएको छ।

**तालिका ५.७: सरकारी/सामुदायिक विद्यालयमा विद्यार्थी र शिक्षक संख्याको अवस्था**

| विवरण/आ.व. | आ.व. २०७९/८० (साउन-असार) | आ.व. २०८०/८१ (साउन-असार) | आ.व. २०८१/८२ (साउन-असार) | गत वर्षको प्रतिशत परिवर्तन | समीक्षा वर्षको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| **विद्यालय संख्या** | ३०७६ | ३०६५ | २९६३ | -०.३६ | -३.३३ |
| **विद्यार्थी संख्या** | ५२४७९९ | ५५५८६९ | ५०३२८३ | ५.९२ | -९.४६ |
| **शिक्षक संख्या** | १४८४० | १५७४३ | १५८२७ | ६.०८ | ०.५३ |

*स्रोतः शिक्षा विकास निर्देशनालय र जिल्लास्थित शिक्षा विकास तथा समन्वय इकाई*

समीक्षा वर्षमा संस्थागत/निजी विद्यालयमा विद्यार्थीको संख्या र शिक्षकको संख्या क्रमशः १७.६३ प्रतिशत, र ७.५७ प्रतिशतले वृद्धि भएको छ।

**तालिका ५.८: निजी विद्यालयमा विद्यार्थी र शिक्षक संख्याको अवस्था**

| विवरण/आ.व. | आ.व. २०७९/८० (साउन-असार) | आ.व. २०८०/८१ (साउन-असार) | आ.व. २०८१/८२ (साउन-असार) | गत वर्षको प्रतिशत परिवर्तन | समीक्षा वर्षको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| **विद्यालय संख्या** | ३३९ | ३५६ | ३५० | ५.०१ | -१.६९ |
| **विद्यार्थी संख्या** | ५८९९२ | ६७३९० | ७९२७४ | १४.२४ | १७.६३ |
| **शिक्षक संख्या** | १९३४ | १८६२ | २००३ | -३.७२ | ७.५७ |

*स्रोत: शिक्षा विकास निर्देशनालय र जिल्लास्थित शिक्षा विकास तथा समन्वय इकाई*

समीक्षा वर्षमा यस प्रदेशमा प्राविधिक शिक्षालयको संख्या, विद्यार्थीको संख्या र शिक्षकहरुको संख्या क्रमशः १००, २,६०५ र ६०४ रहेको छ। गत वर्षमा प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थीहरुको संख्या २,६६६ रहेको थियो।

समीक्षा वर्षमा यस प्रदेशमा रहेका सरकारी/सामुदायिक अस्पतालको संख्या ३१ पुगेको छ। त्यसैगरी, चिकित्सक संख्या र अस्पतालहरुमा रहेका शैयाहरुको संख्यामा क्रमशः ३३७ र १३१५ कायम भएको छ।

**तालिका ५.९: सरकारी/सामुदायिक अस्पतालको जिल्लागत स्थिति**

| विवरण/आ.व. | आ.व. २०७९/८० (साउन-असार) | आ.व. २०८०/८१ (साउन-असार) | आ.व. २०८१/८२ (साउन-असार) |
|---|---|---|---|
| रुकुम पश्चिम | ६ | ६ | ६ |
| सल्यान | २ | ३ | ३ |
| डोल्पा | १ | १ | १ |
| जुम्ला | १ | १ | १ |
| मुगु | २ | २ | २ |
| हुम्ला | १ | १ | २ |
| कालिकोट | ६ | ७ | ७ |
| जाजरकोट | १ | १ | १ |
| दैलेख | २ | २ | २ |
| सुर्खेत | ३ | ४ | ६ |
| **कर्णाली प्रदेश** | **२५** | **२८** | **३१** |

*स्रोत: स्वास्थ्य सेवा निर्देशनालय, कणाली प्रदेश र जिल्लागत स्वास्थ्य सेवा कार्यालयहरु*

यस प्रदेशका १० जिल्लाहरुमध्ये कालिकोटमा ७, रुकुम पश्चिम र सुर्खेतमा समान ६/६, सल्यानमा ३ सरकारी/सामुदायिक अस्पताल रहेका छन्। मुगु, हुम्ला र दैलेखमा समान २/२ र बाँकी डोल्पा, जुम्ला र जाजरकोटमा १/१ सरकारी/सामुदायिक अस्पतालहरु सञ्चालनमा रहेका छन्। समीक्षा वर्षमा यस प्रदेशमा निजी अस्पतालको संख्या १० रहेको छ।

## ५.६ सेवा क्षेत्र कर्जा

आर्थिक वर्ष २०८१/८२ को असार मसान्तसम्ममा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुद्वारा प्रवाहित कुल कर्जामध्ये सबैभन्दा धेरै ८५.४७ प्रतिशत कर्जा सेवा क्षेत्रमा प्रवाह भएको छ। आर्थिक वर्ष २०८१/८२ को असार मसान्तसम्ममा सेवा क्षेत्रमा प्रवाहित कर्जामा ६.८० प्रतिशतले वृद्धि भई रु. ५३ अर्ब ९ करोड ६२ लाख पुगेको छ भने गत वर्षमा यस्तो कर्जा २.६० प्रतिशतले वृद्धि भएको थियो।

**तालिका ५.१०: जिल्लागत सेवा क्षेत्र कर्जा (रु.दश लाख)**


| जिल्ला/आ.व | आ.व. २०७९/८० (साउन-असार) | आ.व. २०८०/८१ (साउन-असार) | आ.व. २०८१/८२ (साउन-असार) | गत वर्षको प्रतिशत परिवर्तन | समीक्षा वर्षको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| डोल्पा | ४९६.४४ | ६१७.२३ | ७६०.४६ | २४.३३ | २३.२१ |
| मुगु | ९०५.४० | ९२३.४० | ७६१.६७ | १.९९ | -१७.५१ |
| हुम्ला | ४१८.२७ | ४८९.५० | ५७८.९८ | १७.०३ | १८.२८ |
| जुम्ला | २,७१८.८५ | २,७९७.९४ | २,९९३.९२ | २.९१ | ७.०० |
| कालीकोट | १,२९३.७१ | १,३७५.६९ | १,३१८.२२ | ६.३४ | - ४.१८ |
| दैलेख | ३,११८.५१ | ३,२८२.६९ | ३,५३९.४७ | ५.२६ | ७.८२ |
| जाजरकोट | १४९८.५४ | १६०६.६४ | १८१२.०१ | ७.२१ | १२.७८ |
| रुकुम पश्चिम | ३७२२.६० | ३८६५.३८ | ४३०२.३२ | ३.८४ | ११.३० |
| सल्यान | ३३२६.७१ | ३५३२.५७ | ३७२८.०० | ६.१९ | ५.५३ |
| सुर्खेत | ३०९५६.८० | ३१२२३.९१ | ३३३०१.२१ | ०.८६ | ६.६५ |
| **कर्णाली प्रदेश** | **४८४५५.८२** | **४९७१४.९४** | **५३०९६.२६** | **२.६०** | **६.८०** |

*स्रोत: नेपाल राष्ट्र बैंक*

## ५.७ सहकारी क्षेत्र

कर्णाली प्रदेशमा सञ्चालनमा रहेका सहकारीहरु मध्ये १० वटा सहकारीहरुको नमूना छनोट गरी यस प्रदेशको सहकारी क्षेत्रको विश्लेषणात्मक अध्ययन प्रस्तुत गरिएको छ । समीक्षा वर्षमा यस प्रदेशमा सहकारी संस्थाहरुको कुल पुँजीमा ८.४२ प्रतिशतले वृद्धि भई ८१ करोड १ लाख पुगेको छ । अघिल्लो वर्षमा यस्तो पुँजी २.९० प्रतिशतले वृद्धि भएको थियो । त्यस्तै, २०८२ को असार मसान्तसम्म सहकारी संस्थाहरुको कुल बचत १६.२१ प्रतिशतले वृद्धि भई ३ अर्ब ८१ करोड २९ लाख पुगेकोमा २०८१ को असार मसान्तमा यस्तो बचत २३.६८ प्रतिशतले वृद्धि भएको थियो ।

**रेखाचित्र ५.२: बचत तथा ऋण सहकारी संस्थाको अवस्था (रु.दश लाख)**




*स्रोत: नमूना छनोटमा परेका सहकारी संस्थाहरु*

समीक्षा वर्षमा कर्णाली प्रदेशका नमूना छनोटमा परेका सहकारी संस्थाहरुको कुल ऋण प्रवाहमा २.५० प्रतिशतले वृद्धि भई ४ अर्ब २१ करोड २० लाख पुगेको छ । त्यसैगरी, समीक्षा वर्षमा सदस्य संख्या २.६१ प्रतिशतले वृद्धि भएको छ । समीक्षा वर्षमा सहकारी संस्थाले सिर्जना गरेको रोजगारीमा ०.९१ प्रतिशतले वृद्धि भएको छ ।

## ५.८ सेवा क्षेत्रको चुनौती र सम्भावना

### क) सेवा क्षेत्रको चुनौती

१. यस प्रदेशमा पर्यापर्यटन, धार्मिक पर्यटन र सांस्कृतिक पर्यटनको प्रचुर सम्भावना रहेतापनि भौगोलिक विकटताका कारण पर्यटकीय पूर्वाधारको निर्माण तथा विकास सहज रुपमा भईनसकेको अवस्थामा हवाई तथा सडक यातायात, पर्यटकस्तरीय होटल तथा लज, हेल्प डेस्कको विकास गरी पर्यटक आगमन संख्या तथा बसाईदर बढाउनु ।

२. उच्च हिमाली क्षेत्रहरुमा यातायात, सञ्चार, शिक्षा, स्वास्थ्य, सडक र विद्युत लगायतका पूर्वाधारहरुको विकास गरी सहज, गुणस्तरीय र भरपर्दो सेवा उपलब्ध गराउनु ।

३. पर्याप्त स्वास्थ्य पूर्वाधारहरुको अभाव र दक्ष स्वास्थ्यकर्मीहरुको न्यून उपलब्धताका बीच गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नु चुनौतीपूर्ण छ ।

४. पर्यटकस्तरीय होटल तथा होमस्टे व्यवसायको विकास गर्दै पर्यटन क्षेत्रका लागि आवश्यक दक्ष जनशक्तिको विकासमार्फत पर्यटन क्षेत्रको योगदान बढाउँदै जानु चुनौतीपूर्ण छ ।

५. प्रदेशको भौगोलिक विकटताका कारण आवश्यक शिक्षण संस्थाहरु र तालिमप्राप्त अनुभवी शिक्षकहरुको अभाव रहेकोले आवश्यक शिक्षण संस्थाहरुको स्थापना तथा अनुभवी शिक्षकहरुलाई विभिन्न प्रोत्साहनमार्फत आकर्षित गरी गुणस्तरीय शिक्षा प्रदान गर्नु चुनौतीपूर्ण छ ।

### ख) सेवा क्षेत्रको सम्भावना

१. कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८२/८३ को बजेटमा कर्णालीको पर्यटन प्रवर्द्धन गर्नका लागि "संसारको गन्तव्य नेपालः नेपालको गन्तव्य कर्णाली" भन्ने सोचलाई साकार पार्न दिगो पूर्वाधार निर्माण तथा गुणस्तरीय पर्यटकीय सेवाको विकासमा प्राथमिकतामा राखिनुले पनि पर्यटकहरुको आगमन सँख्या वृद्धि गर्न सकिने सम्भावना रहेको छ ।

२. यस प्रदेशमा रारा ताल, शे-फोक्सुण्डो ताल, कुपिण्डे दह, स्यार्पु ताल, पचाल झरना, बुलबुले ताल, काँक्रेविहार, सिँजा सभ्यता र पञ्चकोशी लगायतका प्राकृतिक, सांस्कृतिक तथा धार्मिक महत्व बोकेका पर्यटकीय क्षेत्रहरु रहेकोले पर्यापर्यटन, धार्मिक तथा ऐतिहासिक पर्यटन प्रवर्द्धन गर्न सकिने सम्भावना रहेको छ ।

३. घरेलु, साना तथा मझौला उद्योगहरुको विकास भईरहेको हुनाले गरिबी न्यूनीकरण गर्न सकिने सम्भावना रहेको छ ।

४. यस प्रदेशको हिमाली तथा उच्च पहाडी जिल्लाहरुमा इन्टरनेटको न्यून पहुँच भएको अवस्थामा इन्टरनेटको विस्तारको उच्च सम्भावना रहेको छ। त्यस्तै, सुर्खेत विमानस्थललाई स्तरोन्नती गरी प्रदेश अन्तर्गतका जिल्लाहरु डोल्पा, मुगु, हुम्ला, जुम्ला तथा रुकुम पश्चिममा यात्रुवाहक हवाई सेवा नियमितरुपमा सञ्चालन गर्न सकेमा यस क्षेत्रमा रहेका पर्यटकीय क्षेत्रको प्रचार-प्रसार हुन गई आय तथा रोजगारी बढ्ने सम्भावना रहेको ।

# परिच्छेद ६: पूर्वाधार र रोजगारी

## ६.१ पूर्वाधार क्षेत्र

प्रदेश सरकारबाट हालसम्म निर्माण भएको कालोपत्रे, ग्राभेल र कच्ची सडक गरी कुल लम्बाई ४,१२५.६९ किलोमिटर पुगेको छ । कुल सडकमध्ये कालोपत्रे ६.०४ प्रतिशत, ग्राभेल १७.३० प्रतिशत र कच्ची सडक ७६.६५ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०८१/८२ को असार मसान्तसम्म कालोपत्रे, ग्राभेल र कच्ची सडक गरी कुल लम्बाई ४८७.३२ किलोमिटर विस्तार भएको छ । भौगोलिक विकटताको कारणले कर्णाली प्रदेशमा सडक सञ्जाल अन्य प्रदेशको तुलनामा कम रहेको छ । प्रदेशका ७ वटा विमानस्थलमध्ये ६ वटा विमानस्थल सञ्चालनमा रहेका छन् ।

**तालिका ६.१: कर्णाली प्रदेशमा निर्माण भएको सडक सम्बन्धी विवरण (किलोमिटर)**

| विवरण/आ.व. | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| कालोपत्रे | ३.०० | ३०.०२ | १५.९० | ३०.०३ | ९४.८० | ७५.८३ | २४९.५८ |
| ग्राभेल | १९.१० | १६५.६० | ११३.१५ | १२०.३१ | १८६०.६ | ९३.५९ | ७१३.६५ |
| कच्ची | २७३.१० | ८९८.८७ | ५८९.१२ | ६२३.११ | ४२०.४६ | ३१७.९ | ३१६२.४६ |
| **जम्मा** | **२९५.२०** | **१०९४.४९** | **७१८.१७** | **७७३.४५** | **७०१.३२** | **४८७.३२** | **४१२५.६९** |

*स्रोत: भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय, सुर्खेत २०८१*

२०८२ को असार मसान्तसम्ममा कर्णाली प्रदेश सरकारमार्फत् निर्माण सम्पन्न भएका झोलुङ्गे पुलको संख्या १३५ र मोटरेवल पुलको संख्या ५३ पुगेको छ । आर्थिक वर्ष २०८१/८२ मा ४४ वटा झोलुङ्गे पुल र १३ वटा मोटरेवल पुल निर्माण भएका छन् ।

**तालिका ६.२: कर्णाली प्रदेशमा निर्माण भएको पुल सम्बन्धी विवरण**

| विवरण/आ.व. | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| मोटरेवल पुल | – | ९ | ८ | ५ | १८ | १३ | ५३ |
| झोलुङ्गे पुल | – | ८ | ९ | ३८ | ३६ | ४४ | १३५ |

*स्रोत: भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय, सुर्खेत २०८१*

## ६.२ प्रदेशका ठूला आयोजनाहरुको स्थिति

### (क) पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना

आर्थिक वर्ष २०६४/६५ मा शुरु भई २०८४/८५ मा सम्पन्न गर्ने लक्ष्य रहेको पुष्पलाल (मध्यपहाडी) राजमार्गको कुल लम्बाई १,८७९ किलोमिटर रहेको छ । आ.व. २०८१/८२ फागुनसम्म यस राजमार्गको १४६३ किलोमिटर सडक कालोपत्रे भएको छ भने राजमार्गमा पर्ने १३७ पुलमध्ये आ.व. २०८१/८२ फागुनसम्म १०७ वटा पुल निर्माण भएका छन् (स्रोत: आर्थिक सर्वेक्षण २०८१/८२) । पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालय, दैलेख अन्तर्गत रुकुम पूर्व पातिहाल्नेदेखि अछामको चौखुट्टेसम्म ४४० किलोमिटर सडक र १८ वटा पुल निर्माण गर्नुपर्ने कार्य रहेको

छ । जसमध्ये कर्णाली प्रदेशमा जम्मा ३ वटा जिल्लाहरु रुकुम पश्चिम, जाजरकोट र दैजेख जिल्ला पर्दछन् । रुकुमपश्चिम जिल्ला (६६ कि.मि.), जाजरकोट जिल्ला (८५ कि.मि.) र दैलेख जिल्ला (१२४ कि.मि.) गरि जम्मा २७५ कि. मि. पुष्पलाल राजमार्गको सडक कर्णाली प्रदेशमा पर्दछ । आयोजना कार्यालय, दैलेखका अनुसार आर्थिक वर्ष २०८१/८२ मा भौतिक प्रगति ९९ प्रतिशत भएको छ भने वित्तीय प्रगति निम्न बमाजिम प्रस्तुत गरिएको छ ।

**आर्थिक वर्ष २०८१/८२ को वित्तीय प्रगति**

| विवरण | वार्षिक बजेट | हाल सम्मको खर्च | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| चालु | १४४७७००० | १४२१८४८८ | ९८.२ | |
| पुंजीगत | ४३२४८०००० | ४३०३१६६२७ | ९९.५ | संशोधित |

## ख) कर्णाली कोरिडोर सडक

कर्णाली कोरिडोरको कुल लम्बाई २६९ किलोमिटरमध्ये आर्थिक वर्ष २०८०/८१ असारसम्म २६८.२० किलोमिटर ट्र्याक निर्माण सम्पन्न भएकोमा २०८१ फागुनसम्म २६८.३ किलोमिटर ट्र्याक निर्माण सम्पन्न भएको छ । यस सडक खण्डमा २० किलोमिटर सडक ग्राभेल भएको छ भने २ वटा पुल निर्माण भएका छन् (स्रोतः आर्थिक सर्वेक्षण २०८१/८२) । सडक रेखाङ्कनले छोएका जिल्लाहरु कालिकोट, बाजुरा र हुम्ला पर्दछन् । कालिकोटको खुलालुदेखि सिमिकोट हिल्सासम्म पक्की सडक निर्माण गरी हुम्लालाई सडक संजालमा जोड्ने तथा उक्त क्षेत्रका जनताको शिक्षा, स्वास्थ्य जस्ता आधारभुत आवश्यकता परिपूर्तिको लागि पहुँच अभिवृद्धि हुने, पर्यटन प्रवर्द्धन हुने, स्थानीय कृषि तथा जडिबुटी उत्पादन बजारसम्म पुऱ्याउन सहज हुने साथै जनताको जीवनस्तर सुधार हुने अनुमान गरिएको छ । आर्थिक वर्ष २०७९/८० मा शुरु भएको आयोजना आर्थिक वर्ष २०८४/८५ मा सम्पन्न हुने लक्ष्य रहेको छ ।

## (ग) मदन भण्डारी राजमार्ग आयोजना

नेपालको पुर्वी क्षेत्र कोशी प्रदेशको झापा जिल्ला, वेलडाँगीबाट-सुदुरपश्चिम प्रदेशको डडेलधुरा जिल्लाको बुडारे रुपाल सम्म १३९० कि.मी. लम्बाईमा निर्माणाधिन पूर्व पश्चिम जोड्ने राष्ट्रिय महत्वको आयोजनाको रुपमा मदन भण्डारी राजमार्ग रहेको छ । आयोजनाका प्रमुख कार्यहरुः मदन भण्डारी राजमार्ग अन्तर्गत पर्ने पक्कि सडक तथा पुलहरुको निर्माण कार्य सम्पन्न भएको छ। आ.व. २०८१/८२ (२०८१ फागुनसम्म) सम्पन्न भएका क्रियाकलापहरुः ३३९ किलोमिटर सडक कालोपत्रे गर्ने तथा १३३ वटा पक्की पुल निर्माण गर्ने काम सम्पन्न भएको छ । (स्रोतः आर्थिक सर्वेक्षण २०८१/८२)

यस प्रदेशको सन्दर्भमा मदन भण्डारी राजमार्ग आयोजना कार्यालय, सुर्खेतका अनुसार आ.व. २०८१/८२ (२०८२ असार मसान्तसम्म) सम्पन्न भएका क्रियाकलापहरु देहाय बमोजिम रहेका छन् (३३ किलोमिटर सडक कालोपत्रे तथा १५ वटा पक्की पुल निर्माण भएका छन् ।)

**मदन भण्डारी राजमार्ग आयोजना अन्तर्गत कर्णाली प्रदेशमा भएको प्रगति**

| शिर्षक | बजेट (रु.) | खर्च भएको रकम (रु.) | प्रगति प्रतिशत |
|---|---|---|---|
| पुँजीगत बजेट | १,३७,१४,१८,०००.०० | १,३६,२२,६३,७८९.०० | ९९.३३ |
| चालु बजेट | १५५३४०००.०० | १४७९२४७४.९८ | ९.५२ |

कर्णाली प्रदेशको सन्दर्भका यस आयोजनाले लुम्बिनी-कर्णाली-सुदुरपश्चिम प्रदेश जोड्न सहयोग गरी आर्थिक, सामाजिक, सांस्कृतिक तथा पर्यटकीय क्षेत्रमा टेवा पुग्ने देखिन्छ ।

## ६.२.४ भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना

यस आयोजना अन्तर्गत सुर्खेत जिल्लाको भेरीगंगा नगरपालिकाको चिप्ले स्थित भेरी नदीमा करीव १२० मिटर लामो ब्यारेज सहित डिसिल्टिङ्ग वेसिन र ४.२० मिटर ब्यास भएको १२.२ कि.मि. लामो सुरुङ्ग मार्फत ४० घनमिटर प्रति सेकेण्ड पानी बबई नदीमा खसालिने छ । जम्मा तीन वटा २३.४ मेगावट क्षमताका टर्वाईन मध्ये अतिरिक्त एक वटा टर्वाईन मर्मत संभारको बेलामा मात्र प्रयोग गर्नेगरी र विद्युत उत्पादन क्षमताको विद्युतगृह निर्माण गरी वार्षिक करीव ४०० गिगावाट आवर विद्युत उत्पादन गरिने छ । आयोजना सम्पन्न भएपछि बबई नदीमा उपलब्ध हुने थप ४० घनमिटर प्रतिसेकेण्ड पानीबाट बबई सिंचाई आयोजनाको हेडवर्क्स उपयोग गरी बर्दिया र बाँके जिल्लाका करिव ५१००० हेक्टर कृषियोग्य जमिनमा बाह्रै महिना सिंचाई सुविधा उपलब्ध हुनेछ ।

| **कुल बजेट** (रु.) | **कुल खर्च** (रु.) |
|---|---|
| १ अर्ब ८० करोड | १ अर्ब ७१ करोड |

समग्रमा यस आयोजना सम्पन्न भए पश्चात बाह्रै महिना सिंचाई उपलब्धताबाट कृषि बढ्न गई वार्षिक ३.१० अर्ब रुपैया अप्रत्यक्ष र विद्युत्बाट रु. ३.२३ अर्व (रु ८.४ प्रति युनिट को दरमा) प्रत्यक्ष गरी बार्षिक जम्मा रु. ६.३३ अर्ब रुपैया फाइदा हुने अनुमान गरिएको छ (आ.व. २०७४/७५ को मूल्य निर्धारण अनुसार) । साथै, रु १०.५० प्रति युनिट हुँदा विद्युतबाट वार्षिक रु ४.०३ अर्व फाइदा हुनेछ । विद्युत उत्पादन भइ बिक्रि पश्चात प्रदेश तथा पालिकालाइ रोयल्टी प्राप्त हुने ,भेरी नदीमा निर्माण हुने जलाशयबाट पर्यटनको विकास हुने ,बिजुली उत्पादन पश्चात कर्णाली प्रदेशमा देखिएको विद्युतीय भोल्टेज कम भइ बारम्बार System Trip हुने समस्या समाधान भई निरन्तर विद्युतसेवा प्राप्त हुने ।

## ६.४ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना

### क) पूर्वाधार क्षेत्रको चुनौती

१. उच्च पहाडी तथा हिमाली जिल्लाहरुको बाहुल्यता, कठिन भु-बनोट र अधिकांश छरिएर रहेको ग्रामीण बस्ती लगायत स्रोत साधनको सिमितताका कारण कर्णाली प्रदेशमा सडक, विद्युत, सञ्चार, खानेपानी तथा सिँचाई लगायत शिक्षा र स्वास्थ्यको क्षेत्रसँग सम्बन्धित पूर्वाधारहरुको विकास तथा विस्तार गर्नु ।

२. पर्याप्त पुँजी अभावका कारण समयमै सम्पन्न हुन नसकेका राष्ट्रिय तथा प्रादेशिक गौरवका आयोजनाहरु, रणनीतिक महत्वका पूर्वाधार आयोजना, विद्युत आयोजना, पुल तथा सडक आयोजना, सिँचाई लगायतका आयोजनाहरुको काममा तिव्रता दिन आवश्यक पर्ने पुँजीको स्रोत व्यवस्थापन गर्नु ।

३. मुख्यतया कर्णाली राजमार्ग, भेरी र कर्णाली कोरिडोर लगायतका सडक सञ्जालहरुलाई नियमित रुपमा सञ्चालन गर्न वर्षे खोलाहरुमा पुल निर्माण गर्ने, निरन्तर पहिरो खस्ने क्षेत्रको पहिचान गरी त्यसको दिगो समाधानको लागि आवश्यक पूर्वाधार निर्माण गर्नु ।

४. निर्माण कार्य सम्पन्न भई सञ्चालनमा रहेका पूर्वाधारहरुको निरन्तर अनुगमन, रेखदेख तथा मर्मत सम्भार गर्न चुस्त दुरुस्त संयन्त्र बनाउन सम्बद्ध निकायहरुको बीचमा आपसी समन्वयन स्थापित गर्नु ।

५. पूर्वाधार क्षेत्रको विकासमा आउने समस्याहरुको सम्बोधन गर्न मुख्य गरी निर्माण व्यवसायी, ठेकेदार र प्रशासनिक क्षेत्रको क्षमता अभिवृद्धि गर्नु ।

६. हिमाली तथा उच्च पहाडी जिल्लाहरुबाट राजधानी केन्द्रित बसाईसराईको दर बढ्दै गईरहेकोले अव्यवस्थित सहरीकरणलाई न्यूनिकरण गर्न ग्रामिण क्षेत्रमा एकीकृत बस्ती विकास गरी आवश्यक पूर्वाधारको विकास गर्नु ।

७. समय सान्दर्भिक नविनतम प्रविधि तथा पूर्वाधार विकासका नयाँ आयामहरुको थालनी गर्न आवश्यक पर्ने लगानीको स्रोत व्यवस्थापन गर्नु ।

८. यस प्रदेशको पहिलो गौरवको आयोजनाको रुपमा रहेको प्रदेश रंगशालाको निर्माण कार्य समयमै सम्पन्न गरी दशौं राष्ट्रिय खेलकुल छिटोभन्दा छिटो सुचारु गर्न आवश्यक खेल पूर्वाधारको निर्माण गर्नु ।

९. रारा तथा शे-फोक्सुण्डो लगायतका पर्यटकीय सम्भावना बोकेका क्षेत्रहरुमा बढीभन्दा बढी आन्तरिक तथा बाह्यक पर्यटक भित्रयाउन समय सान्दर्भिक पर्यटन पूर्वाधार विकास गर्नु ।

१०. हवाई यातायातलाई सुलभ र सहज यातायातको रुपमा विकास गर्नु, निजी क्षेत्रलाई प्रदेशको हवाई सेवा विस्तारमा आकर्षित गर्नु साथै प्रदेशका विमानस्थलहरुलाई आर्थिक रुपमा सक्षम हुने गरी सञ्चालन गर्नु चुनौतीपूर्ण रहेको छ ।

### ख) पूर्वाधार क्षेत्रको सम्भावना

१. दैलेख जिल्लामा प्राकृतिक ग्याँस र पेट्रोलियम पदार्थको ठुलो सम्भावना रहेको छ जसको व्यवस्थित रुपमा उत्खनन गरी प्राकृतिक ग्याँस तथा पेट्रोलियम पदार्थको आयातलाई प्रतिस्थापन गर्न सकिने सम्भावना रहेको छ ।
२. सुर्खेत विमानस्थलबाट कर्णाली प्रदेशका हवाई उडान हुने सबै जिल्लाहरुमा हवाई सेवालाई नियमित, सुलभ र सहज बनाउन सकेमा प्रदेशको पर्यटन विकास गर्न सकिने सम्भावना रहेको छ ।
३. यस प्रदेशको मेरुदण्डको रुपमा रहेका सडकहरु भेरी कोरिडोर, कर्णाली कोरिडोर र कर्णाली राजमार्ग अन्तर्गत कालिकोटको सेरीघाटदेखि जुम्लाको खलङ्गा र मुगुको नाक्चेलाग्ना खण्डको गुणस्तर अभिवृद्धिबाट शे-फोक्सुण्डो र रारा ताल तथा लिमीबाट कैलाश मानसरोवर दर्शनका लागि लाखौं पर्यटक आकर्षित गर्न सकिने सम्भावना रहेको छ ।
४. यस प्रदेशमा कर्णाली र भेरी जस्ता ठुला नदीहरु लगायत थुप्रै मध्यमस्तरका नदिनालाहरु रहेकाले जलविद्युतउत्पादन तथा सिँचाई सुविधाको विस्तार गर्न सकिने उच्च सम्भावना रहेको छ ।
५. कर्णाली तथा भेरी जस्ता ठूला नदी रहेको यस प्रदेशमा जलयातायातको सम्भावना रहेको छ ।

## ६.५ रोजगारी

### क) वैदेशिक रोजगारी

आर्थिक वर्ष २०८१/८२ मा वैदेशिक रोजगारीको लागि स्वीकृति प्रदान गरिएको कुल संख्यामा कर्णाली प्रदेशको हिस्सा ३.७८ प्रतिशत रहेको छ । वैदेशिक रोजगारीबाट स्वदेश फर्किने श्रमिकहरु मध्ये अधिकांशले पुन: श्रम स्वीकृति लिने गरेका छन् भने केही वैदेशिक रोजगारीबाट सिकेको सीपलाई स्वदेशमा उपयोग गरी स्वरोजगार कार्यमा संलग्न रहेको पाइन्छ । स्वदेशमा रोजगारीका पर्याप्त अवसर नहुनाले वर्षेनि भरपर्दो आयआर्जनको खोजीको शिलशिलामा विदेशिने नेपालीहरुको सङ्ख्या बढ्दो क्रममा रहेको छ । समीक्षा वर्षमा कर्णाली प्रदेशबाट नयाँ श्रम स्वीकृत लिई र पुन: श्रम स्वीकृत सहित वैदेशिक रोजगारमा जानेको संख्या क्रमश: २०,८८६ र २८,०५८ रहेको छ । जुन अघिल्लो वर्षको तुलनामा क्रमश: १६.०६ प्रतिशत र ११.८७ प्रतिशतले बढि हो ।

**तालिका ६.३: जिल्लागत वैदेशिक रोजगारीको विवरण**
**(आर्थिक वर्ष २०८१/८२)**

| जिल्ला | रिर्क्युटिङ्ग एजेन्सी | नयाँ व्यक्ति | जी टु जी | पुन श्रम स्वीकृति | कुल (पुन श्रम स्वीकृति सहित ) | कुल (पुन श्रम स्वीकृति बाहेक ) |
|---|---|---|---|---|---|---|
| दैलेख | २,३४६ | ७३८ | १४५ | १०५९ | ४२८८ | ३२२९ |
| डोल्पा | ४७८ | १३० | १ | ७९ | ६८८ | ६०९ |
| हुम्ला | ५२२ | १४३ | ७ | ९३ | ७६५ | ६७२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| जाजरकोट | १७३७ | २९२ | २५ | ४६४ | २५१८ | २०५४ |
| जुम्ला | ८३९ | १८८ | २० | २०८ | १२५५ | १०४७ |
| कालिकोट | ५९५ | १९९ | ५० | १८१ | १०२५ | ८४४ |
| मुगु | ४३६ | १६८ | ११ | ७१ | ६८६ | ६१५ |
| रुकुम पश्चिम | १५५२ | ४२९ | ८६ | ७९२ | २८५९ | २०६७ |
| सल्यान | ४२२९ | ९४४ | ८८ | २३२६ | ७५८७ | ५२६१ |
| सुर्खेत | ३२५६ | १०१० | २२२ | १८९९ | ६३८७ | ४४८८ |
| **कुल** | **१५,५९०** | **४,२४१** | **६५५** | **७,१७२** | **२८,०५८** | **२०,८८६** |

*स्रोत : वैदेशिक रोजगार विभाग, २०८१*

### ख) आन्तरिक रोजगारी

नेपाल जीवनस्तर सर्वेक्षण चौथो (२०७९/८०) को प्रतिवेदन अनुसार कर्णाली प्रदेशको गरिबीको दर २६.६९ प्रतिशत रहेको छ। नेपाल श्रमशक्ति सर्वेक्षण २०७५/०७६ को प्रतिवेदन अनुसार कर्णाली प्रदेशमा बेरोजगारी दर ९.७ प्रतिशत रहेको छ। राष्ट्रिय जनगणना, २०७८ अनुसार कर्णाली प्रदेशमा आर्थिक रुपले सक्रिय (उमेर १० वर्ष वा सो भन्दा माथि) जनसङ्ख्या ७१.६५ प्रतिशत रहेको छ।

**तालिका ६.४: प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारीको विवरण (आर्थिक वर्ष २०८१/८२)**

| जिल्ला | कुल आयोजना सङ्ख्या | कुल रोजगारी प्राप्त सँख्या | कुल रोजगारी प्रदान गरिएको दिन |
|---|---|---|---|
| **रुकुम पश्चिम** | १०२ | ५२१ | ४४,५०० |
| **सल्यान** | १३७ | ८७४ | ७६,००८ |
| **डोल्पा** | ६९ | ६६२ | ५४,४५० |
| **जुम्ला** | ७१ | ६५२ | ४९,८९७ |
| **मुगु** | ३५ | ४७३ | २४,२५४ |
| **हुम्ला** | ७१ | ६१४ | ४७,२९२ |
| **कालिकोट** | ९८ | १,२२७ | ७५,९६१ |
| **जाजरकोट** | १३२ | ५४७ | ४६,४९९ |
| **दैलेख** | १४० | ८९६ | ७२,४२४ |
| **सुर्खेत** | ९५ | ६९० | ५०,०६२ |
| **जम्मा** | **९५०** | ७,१५६ | ५,४१,३४७ |

*स्रोत: प्रधानमन्त्री रोजगार कार्यक्रम, सिहंदरबार*

समीक्षा वर्षमा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट कर्णाली प्रदेशमा ७,१५६ जनाले रोजगारी प्राप्त गरेका छन्। रोजगारीमा खटिएकामध्ये सबैभन्दा बढी कालिकोटमा १,२२७ जनाले रोजगारी प्राप्त गरेका छन् भने सबैभन्दा कम मुगुमा ४७३ जनाले रोजगारी प्राप्त गरेका छन्। समीक्षा वर्षमा यस प्रदेशमा सूचीकृत बेरोजगार व्यक्तिको संख्या २,०८,३५३ रहेका छन् भने कुल आयोजना संख्या ९५० रहेका छन्।

**तालिका ६.५: प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारीको विवरण (आर्थिक वर्ष २०८१/८२)**

| विवरण | आ.व.२०७९/८० | आ.व.२०८०/८१ | आ.व.२०८१/८२ |
|---|---|---|---|
| कार्यक्रम सञ्चालन गरेका स्थानीय तह | ७९ | ७९ | ७९ |
| आयोजना संख्या | १६३८ | १०२८ | ९५० |
| रोजगारीमा संलग्न व्यक्तिको विवरण | १७०६४ | ९१७२ | ७१५६ |
| रोजगार औसत दिन | ८२ | ७८ | ७६ |
| जम्मा रोजगार दिन | १३८३२३७ | ७१९६५३ | ५४१३४७ |

## ६.६ रोजगारीको चुनौती र सम्भावना

### क) रोजगारीको चुनौती

१. वैदेशिक रोजगारीमा हुन सक्ने जोखिमहरु न्यूनिकरण गर्दै फर्किएका जनशक्तिको सीप, प्रविधि र अनुभवको उत्पादनमुलक क्षेत्रमा लगानी गरी उच्चतम प्रतिफल हासिल गर्नु ।

२. खानीजन्य, कृषि तथा पशुपन्छीजन्य, जडिबुटीजन्य र वन पैदावारजन्य उद्योगको प्रचुर सम्भावना भएकोले यस्ता उद्योगहरुको स्थापना, विकास र बिस्तार गरी उच्च रोजगारी सिर्जना गर्नु ।

३. यस प्रदेशबाट भारत लगायत अन्य बैदेशिक रोजगारीको लागि जानेको संख्या ठूलो मात्रामा रहेको छ । उक्त जनसंख्यालाई स्वदेशमै रोजगारी सिर्जना गरी विदेशिनबाट रोक्नु ।

४. कर्णाली प्रदेशको प्रमुख समस्याको रुपमा रहेको गरिबी न्यूनीकरणका लागि संघ, प्रदेश र स्थानीय तिनै तहको समन्वयमा रोजगारी सिर्जना गरी आर्थिक असमानता घटाउँदै सामाजिक न्याय कायम गर्नु ।

५. कर्णाली प्रदेशमा रहेका उच्च शिक्षामा अध्ययनरत बिद्यार्थी र युवाहरुमा आधुनिक सूचना प्रविधिको पहुँच पुर्याउदै उनीहरुमा प्राविधिक सिप र क्षमताको विकास गरि रोजगारी उम्मुख बनाउनु ।

६. कर्णाली प्रदेशमा पर्यटन, कृषि, उद्योग, कलकारखाना तथा सेवा क्षेत्रको विकासका लागि आवश्यक न्यूनतम पूर्वाधारको विकास गरि आन्तरिक तथा बाह्य लगानीकर्तालाई आकर्षित गरि रोजगारीको अबसरहरु सिर्जना गर्नु ।

### ख) रोजगारीको सम्भावना

१. गरिबी निवारण र रोजगारी सिर्जना कर्णाली प्रदेश सरकारको उच्च प्राथमिकतामा रहेकोले सरकारका नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन मार्फत् आर्थिक सामाजिक रुपान्तरण गर्न सकिने सम्भावना रहेको छ ।

२. यस प्रदेशमा रहेका रारा, शे-फोक्सुण्डो, कुपिण्डे, स्यार्पु, बुलबुले ताल, काँक्रेबिहार, पचाल झरना, सिँजा सभ्यता, पञ्चकोशी ज्वाला क्षेत्र, दुल्लु लगायतका प्राकृतिक, साँस्कृतिक तथा धार्मिक रुपले महत्वपूर्ण पर्यटकीय क्षेत्रहरुको

प्रवर्द्धन गरी होटल, होमस्टे, रेस्टुरेन्ट, ट्रेकिङ गाइड तथा यातायात सेवामा प्रर्याप्त मात्रामा आय तथा रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको देखिन्छ ।

३. कर्णाली प्रदेशमा रहेका उच्च मूल्यका कृषि बालीहरू, जडीबुटी र प्राङ्गारिक कृषि उत्पादनको माग स्थानीय र अन्तर्राष्ट्रिय बजारमा बढिरहेकाले यस क्षेत्रमा व्यवसायिकीकरण र बजारीकरण गरि, स्थानीय कच्चा पदार्थ मा आधारित प्रशोधन तथा साना उद्योगहरूको विकास र विस्तारले रोजगारी र उद्यमशीलता प्रवर्द्धन गर्न सकिने सम्भावना छ ।

४. कर्णाली प्रदेशमा उच्च शिक्षामा अध्यनरत बिद्यार्थी र युवाहरुमा सूचना प्रविधिको पहुँच अभिवृद्धि गरी रोजगारीमूलक सिप र तालिम प्रदान गरेर रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको छ ।

५. यस प्रदेशमा रहेका मूल्यवान र महत्वपुर्ण स्थानीय घरेलु औधोगिक र हस्तकला वस्तु तथा सामानहरु (जस्तैः राडी पाखी, अल्लोको कपडा, गलैचा) को देशभित्रै प्रचारप्रसार गरी ती सामानहरुको उत्पादन गर्न रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको छ ।

६. यस प्रदेशमा आवश्यक पूर्वाधार विकासका कामहरू जस्तै सडक सञ्जाल विस्तार, पुल निर्माण, विमानस्थल निर्माण गरी अस्थायी र स्थायी रोजगारीका सिर्जना गर्न सकिने सम्भावना रहेको छ ।

# परिच्छेद ७: प्रादेशिक कार्यक्रम तथा योजना

## ७.१ प्रादेशिक सरकारी वित्त

### प्रदेश सरकारी खर्च

आर्थिक वर्ष २०८१/८२ मा प्रदेश सरकारको कुल विनियोजनमध्ये चालु खर्चतर्फ रु. १२ अर्ब ३७ करोड ४० लाख २८ हजार र पुँजीगत खर्चतर्फ रु. १८ अर्ब ७८ करोड ६० लाख १३ हजार बजेट विनियोजन भएको थियो। समीक्षा वर्षमा विनियोजित चालु खर्चमध्ये रु. ९ अर्ब ७ करोड २२ लाख २४ हजार अर्थात् ७३.३२ प्रतिशत र विनियोजित पुँजीगत खर्चमध्ये रु. १० अर्ब ९२ करोड ६५ लाख ३८ हजार अर्थात् ५८.१६ प्रतिशत खर्च भएको छ। समीक्षा वर्षमा कुल रु. १९ अर्ब ९९ करोड ८७ लाख ६४ हजार अर्थात् ६३.६७ प्रतिशत खर्च भएकोमा अघिल्लो आर्थिक वर्षको सोही अवधिमा विनियोजित बजेटको ५९.५२ प्रतिशत खर्च भएको थियो।

**तालिका ७.१: कर्णाली प्रदेश सरकारको खर्चको स्थिति (रु. करोडमा)**

| शिर्षक | विनियोजित बजेट रकम | | खर्च रकम | | खर्च प्रगति | |
|---|---|---|---|---|---|---|
| | आ. व. २०८०/८१ | आ. व. २०८१/८२ | आ. व. २०८०/८१ | आ. व. २०८१/८२ | आ. व. २०८०/८१ | आ. व. २०८१/८२ |
| चालु | १३८०.२५ | १२३७.४० | ९१७.५१ | ९०७.२२ | ६६.४७ | ७३.३२ |
| पुँजीगत | १९५७.७२ | १८७८.६० | १०६९.३१ | १०९२.६५ | ५४.६२ | ५८.१६ |
| वित्तीय | ०.०० | २५ | ०.०० | ०.०० | ० | ० |
| जम्मा | ३३३७.९७ | ३१४१.०० | १९८६.८२ | १९९९.८८ | ५९.५२ | ६३.६७ |

*स्रोत: आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत*

### राजस्व परिचालन

समीक्षा वर्षमा कर्णाली प्रदेश सरकारको कुल राजस्व गत वर्षको तुलनामा ९.५७ प्रतिशतले वृद्धि भई रु. ९ अर्ब ३ करोड ६४ लाख सङ्कलन भएको छ। गत वर्षमा कुल राजस्व रु. ८ अर्ब २४ करोड ७१ लाख रहेको थियो। कुल राजस्वमा कर, गैरकर र अन्य राजस्वको योगदान क्रमशः ९६.२६ प्रतिशत, २.५५ र १.०६ प्रतिशत रहेको छ। यस वर्षमा अन्य प्राप्ति सहित कुल प्राप्ति रु. ९ अर्ब २९ करोड ६ लाख रहेको छ। गत वर्षमा यस्तो रकम रु.८ अर्ब ४८ करोड ६३ लाख रहेको थियो।

**तालिका ७.२: कर्णाली प्रदेश सरकारको राजस्व परिचालनको स्थिति (रु.करोडमा)**

| शिर्षक/आ.व. | २०८०/८१ (साउन-असार) | २०८१/८२ (साउन-असार) | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| कर राजस्व | ७७६.७२ | ८६९.८५ | ११.९९ |
| गैर कर राजस्व | २७.११ | २४.२३ | -१०.६२ |
| अन्य | २०.८७ | ९.५६ | -५४.१९ |
| **कुल राजस्व** | **८२४.७१** | **९०३.६४** | **९.५७** |
| अन्य प्राप्ति (राजस्व बाँडफाँड) | २३.९२ | २५.९६ | १०.३७ |
| **कुल प्राप्ति** | **८४८.६३** | **९२९.६** | **९.५४** |

*स्रोत: प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश, सुर्खेत*

## ७.२ स्थानीय सरकारको वित्तीय स्थिति विश्लेषण

प्रदेशमा रहेका मध्ये ५ वटा नगरपालिकाहरु छनोट गरी स्थानीय सरकारको वित्तीय स्थिति विश्लेषण गरिएको छ । आर्थिक वर्ष २०८१/८२ मा गत आर्थिक वर्षको तुलनामा चालु खर्च ०.४७ प्रतिशतले वृद्धि भएको छ भने पुँजीगत खर्चमा ४.५८ प्रतिशतले ह्रास आएको छ। समीक्षा वर्षमा गत वर्षको तुलनामा कर राजस्व संकलनमा ३.५२ प्रतिशतले ह्रास आएको छ भने गैर कर राजस्व संकलन १३.४७ प्रतिशतले वृद्धि भएको छ। त्यसैगरी, अन्य राजस्व संकलनमा कुनै परिवर्तन आएको छैन ।

**तालिका ७.३: कर्णाली प्रदेशको स्थानीय तहहरुको खर्च र राजस्व प्राप्तिको स्थिति (रु.करोडमा)**

| शीर्षक | उप-शीर्षक | २०८०/८१ (साउन-असार) | २०८१/८२ (साउन-असार) | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| **खर्च** | चालु खर्च | २०३.९४ | २०४.८९ | ०.४७ |
| | पुँजीगत खर्च | ८९.३६ | ८५.२७ | -४.५८ |
| **राजस्व** | कर राजस्व | ३.६८ | ३.५५ | -३.५२ |
| | गैर कर राजस्व | ३.२१ | ३.६४ | १३.४७ |
| | अन्य | १.३५ | १.३५ | ०.० |

*स्रोत: कर्णाली प्रदेशस्थित ५ स्थानीय तहहरु*

# परिच्छेद ८: आर्थिक परिदृष्य

यस परिच्छेदमा कर्णाली प्रदेशको कृषि, उद्योग तथा सेवा क्षेत्रका तथ्याङ्क प्रदायक संस्थाका प्रतिनिधिहरुसँग गरिएको अन्तरक्रिया तथा आर्थिक परिदृश्य सम्बन्धी प्रश्नावलीमार्फत प्राप्त विवरणका आधारमा आर्थिक वर्ष २०८२/८३ मा कर्णाली प्रदेशमा कृषि र सेवा क्षेत्रको गतिविधिमा केही सुधार एवम् उद्योग र पूर्वाधार क्षेत्र सामान्य रहने अनुमान छ। विगत केही समयदेखि मुद्रास्फीति न्यून रहेको र यस अवधिमा समेत आयातित मूल्य घट्दो क्रममा रहेकोले उपरोक्त परिस्थितिको बाबजुद समग्र उपभोक्ता मुद्राफीति लक्षित सीमाभित्र रहने अनुमान छ। २०८२ भदौ २३ र २४ गतेको जेन्जी आन्दोलनका कारण सरकारी तथा निजी क्षेत्रमा भएको तोडफोड तथा आगजनीका कारणले प्रदेशको अर्थतन्त्रमा क्षती हुन गएको छ। यस आन्दोलनको क्रममा प्रदेशस्थित नापी/मालपोत कार्यालयहरुमा क्षती भएको कारण हालसम्म घरजग्गा कारोबार प्रभावित भएकोले प्रदेश सरकारको राजस्व संकलनमा कमी हुने देखिन्छ। त्यसैगरी, आन्दोलनका कारण क्षति पुगेका सार्वजनिक संरचनाहरू मर्मत गर्न अतिरिक्त सरकारी खर्च बढ्न सक्ने भएकाले वित्तीय व्यवस्थापनमा भार पर्न सक्ने अनुमान रहको छ।

तथापि, यस आन्दोलनको माग बमोजिम नयाँ सरकार गठन भई सरकारले शान्ति-सुरक्षा तथा अमनचयन कायम, सुशासन प्रबर्द्धन, सार्वजनिक संस्थाको सुधार तथा भौत्तिक पुनर्निर्माण कार्यलाई प्राथमिकतामा राखेको हुनाले कर्णाली प्रदेशको आर्थिक गतिविधिमा सकारात्मक प्रभाव पर्न सक्ने अनुमान रहेको छ। त्यसैगरी, बिदेशी पर्यटकहरुको आगमन संख्यामा कमी आउन सक्ने सम्भावना रहेतापनि कर्णाली प्रदेशले आयोजना गर्ने दशौं राष्ट्रिय खेलकुद र आन्तरिक पर्यटनको प्रवृत्ति बढ्दै गएको हुनाले सेवा क्षेत्र अन्तर्गत होटल, यातायात, पर्यटन लगायतका क्षेत्रमा सिर्जना हुने रोजगारी र आर्थिक गतिविधि अपेक्षाकृत रुपमा वृद्धि हुन सक्ने अनुमान रहेको छ।

## ८.१ कृषि क्षेत्र

कर्णाली प्रदेश स्थित कृषि विकास निर्देशनालय र जिल्लास्थित कृषि विकास कार्यालयहरुबाट प्राप्त प्रारम्भिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८२/८३ को पहिलो ६ महिनामा समग्र कृषि उत्पादन सामान्य रहने अनुमान गरिएको छ। यस प्रदेशमा समयमै धान रोपाइँ भएको र अन्य वर्षे बालीको समयमा मौसम अनुकुलता भएको साथै तीनै तहका सरकारी निकायमार्फत कृषि विकास रणनीति कार्यान्वयन गर्दै कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण र व्यवसायिकरण गर्नका लागि प्राथमिकता साथ कार्यक्रम संख्या र बजेट थप भएको र कृषकहरुको व्यवसायिक कृषि खेतीतर्फ आकर्षण बढेको हुनाले आगामी वर्षमा कृषि उत्पादन, पशुपंछी, माछा तथा नगदेबालीको उत्पादन र वनजन्य उत्पादनमा वृद्धि हुनसक्ने देखिन्छ।

## ८.२ औद्योगिक क्षेत्र

यस प्रदेशको भौगोलिक विकटता, विद्युत आपुर्तिमा समस्या, दक्ष जनशक्ति र कच्चा पदार्थको कमी, आन्तरिक मागको कमी, वित्तीय स्रोतको उपयोगमा कमी र जस्ता प्रमुख अवरोधहरूले उत्पादनमूलक उद्योगहरू पूर्ण क्षमतामा सञ्चालन हुन नसक्दा औद्योगिक विकास र औद्योगिक उत्पादनमा आशातित रुपमा वृद्धि हुन सक्ने देखिदैन। तथापि, आर्थिक वर्ष २०८२/८३ मा कर्णाली प्रदेश सरकारको बजेट मार्फत रैथाने उत्पादनमा वृद्धि गर्न सञ्चालन गरिने मेक इन कर्णाली र

मेड इन कर्णाली अभियान, युवा लक्षित उद्यमको विकास गर्न बिजनेस इन्क्युवेसन सेन्टर स्थापना तथा कर्णाली लगानी फण्ड र कर्णाली स्टार्टअप फण्डको व्यवस्थाको कारण औद्योगिक क्षेत्रको उत्पादन सामान्य रहने देखिन्छ।

## ८.३ सेवा क्षेत्र

बैंक तथा वित्तीय संस्थामा पर्याप्त लगानीयोग्य पुँजी उपलब्ध रहेको र कर्जाको व्याजदर न्यून भएको कारण निजी क्षेत्रतर्फ कर्जा प्रवाहमा वृद्धि भई सेवा क्षेत्रमा सकारात्मक प्रभाव पर्न सक्ने देखिन्छ। वित्तीय सेवा, वित्तीय पहुँच, डिजिटल भुक्तानी, शिक्षा, स्वास्थ्य, यातायात र सञ्चार क्षेत्रमा देखापरेका समस्या क्रमशः समाधान हुँदै गएकाले ती क्षेत्रमा सुधारको अनुमान रहेको छ । समग्रमा सेवा क्षेत्रमा सकारात्मक सुधारको संकेत देखिए पनि सार्वजनिक निमार्ण तथा रियलस्टेट क्षेत्रमा हुने संकुचनले कुल सेवा क्षेत्रको वृद्धिदरलाई सीमित गर्न सक्ने अनुमान रहेको छ।

## ८.४ पूर्वाधार क्षेत्र

कर्णाली प्रदेशमा अन्तरप्रदेश जोड्ने सडकहरु, पर्यटन पूर्वाधारसँग सम्बन्धित रणनीतिक महत्वका सडकहरु, स्थानीय तहको केन्द्र जोड्ने प्रादेशिक सडकहरु, ग्रामीण सडकहरु, प्रादेशिक लोकमार्ग र अन्य सडकहरूको विस्तार भइरहेको साथै कर्णाली कोरिडोर, पुष्पलाल (मध्यपहाडी) राजमार्ग, मदन भण्डारी राजमार्ग, मथिल्लो कर्णाली, भेरी बबई डाइभर्सनजस्ता राष्ट्रिय महत्वका आयोजना अगाडि बढिरहेका छन् । त्यसैगरी, विद्युत प्रसारण लाइन निर्माण, पर्यटन पूर्वाधारको निर्माण, भूकम्प पुनःनिर्माणका कार्य, यातायात, पर्यटन, कृषि, ऊर्जा, सूचना प्रविधि र खानेपानीसँग सम्बन्धित पूर्वाधार निर्माणले आर्थिक वर्ष २०८२/८३ मा प्रदेशको समग्र आर्थिक गतिविधिमा दीर्घकालीन सुधार ल्याउने अनुमान रहेको छ।

* * *